# नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति

**(समीक्षासङ्ग्रह)**

[illegible]

শঙ্খ

[illegible]

# नरेन्द्रराज प्रसाईंका
# पाँच जीवनीकृति

**अक्षरशिरोमणि मदनमणि दीक्षित**

सम्पादक
इल्या भट्टराई

प्रकाशक : नइ एकेडेमी
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण फोटो सौजन्य : फोटोकवि कुमार आले
आवरण फोटो : अक्षरशिरोमणि मदनमणि दीक्षित
आवरण सज्जा : सुमन कार्की
प्रथम संस्करण : २०८२ साल
मुद्रक : सहारा प्रिन्ट कनेक्सन
नइ कृतिमाला : १८७
मोल : दुई सय रुपियाँ
© सुरक्षित, २०८२ (2025)
ISBN:978-9937-786-22-5
**NARENDRA RAJ PRASAI KA PANCH JIBANI KRITI**
Critiques by Madan Mani Dixit, Edited by Illya Bhattarai

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशन (नइ एकेडेमी) को स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ एकेडेमी'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । यो संस्था केवल 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ ।

नइ एकेडेमीले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गरी तिनीहरूको अर्चना गर्न नइ एकेडेमी सदैव अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ एकेडेमी नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ एकेडेमीको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको दस लाख प्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजार प्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ । सो सिक्का पनि बेलायतबाट आयात गरिएको क्युप्रोनिकेल धातुबाटै मुद्रण भएको हो ।

नइ एकेडेमी नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे सात दर्जनजति कृतिमध्ये साढे दुई दर्जन जीवनीकृति प्रकाशित भइसकेका छन् भने आठ सयवटाजति फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नेपाली साहित्यका अमर प्राज्ञ अक्षरशिरोमणि मदनमणि दीक्षितबाट नरेन्द्रराज प्रसाईद्वारा लेखिएका जीवनीकृतिका समीक्षा फुटकर रूपमा आएका हुन् । ती महत्त्वपूर्ण लेखहरू एकै ठाउँबाट पढ्न सजिलो होस् भन्ने अभिप्रायले प्रस्तुत 'नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति'को सम्पादन भएको हो ।

नरेन्द्रराज प्रसाईका जीवनीकृतिमाथि अक्षरशिरोमणि मदनमणि दीक्षितद्वारा लिखित समीक्षात्मक लेखहरूको यो सङ्कलन कृति आफैँमा महत्त्वपूर्ण छँदै छ । यी लेखहरू मदनमणि दीक्षितकी सुपुत्री साहित्यकार इल्या भट्टराईद्वारा सम्पादित हुनाले यस कृतिले अझ महत्त्व राख्छ भन्ने हामीलाई लागेको छ ।

**नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति**नामक कृति प्रकाशन गर्न पाउनु नइ एकेडेमीका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ एकेडेमी*

# विषयसूची


- **सम्पादकीय : इल्या भट्टराई** • ९

(मेरा पिता, नइ र 'नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति')

१. इतिहासकै श्रेष्ठ नारी ललितत्रिपुरसुन्दरी • २३
२. नेपालले गर्व गर्ने 'नारीचुली' • २८
३. पारिजातको जीवनकथा • ३५
४. जीवनीलेखनको सफल नमुना : लैनसिंह बाङ्देल • ४३
५. समाजका केही चिन्तक • ५२

- **परिशिष्ट–**

  क. अक्षरशिरोमणि मदनमणि दीक्षितको जीवनी • ५९
  ख. मदनमणि दीक्षितका कृतिहरू • ७१

# मेरा पिता, नइ र 'नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति'

**इल्या भट्टराई**

सन् सत्तरीको दशकतिर भारतीय कथालेखनमा एउटा नयाँ प्रयोग भएको थियो– अमूर्त कथालेखन । त्यसलाई नई कहानियाँ भनेर नामाकरण गरिएको थियो । मलाई भने अमूर्तता पटक्कै मन नपर्ने ! ती नई कहानीहरूमा सके शून्यवाद वा निस्सारता बोधका कथा पो हुन्थे कि ! अहिले सम्झिन सक्तिनँ, तर मलाई ती कथाहरूप्रति रसै बसेन ।

एकपल्ट पाएको यो सुन्दर प्रकृति, योसँगको संसर्ग, यसको साथको खुसी सबैसबै मलाई साह्रै प्रिय लाग्थे । जीवनका कैयौँ उकालीओराली भोगेर आज यहाँसम्म आइपुग्दा त मलाई यो जीवन, यो संसार साह्रै प्रिय छ भने त्यो बेला त झन् आफ्नै जीवनको सौन्दर्य मलाई बेजोड लाग्थ्यो । म यही जीवनमा खुसी हुन, रमाउन चाहन्थेँ । मलाई जीवन कहिल्यै शून्य लाग्दै लागेन र कहिल्यै निस्सार हुँदै भएन । जे होस् यति सुन्दर जीवनलाई निस्सार र शून्य मान्ने ती कथाहरू पढन मलाई रुचि नै लागेन ।

२०५२ सालको अन्तिमतिरजस्तो लाग्छ, कुनै छापामा प्रकाशित भएको थियो सायद नइ प्रकाशन स्थापना भएको खबर । त्यति बेला मेरा लागि 'नइ'को अर्थ उही हिन्दीको 'नई' नै

थियो । पछि मात्र मलाई थाहा भयो, यो त नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको सुरुको अक्षर जोडेर बनाइएको नइ प्रकाशन रहेछ । त्यति बेलादेखि नै नइलाई उनीहरूका आआफ्ना रचनाहरूबाट मैले चिन्न थालेकी थिएँ । तर व्यक्तिगत रूपमा म उनीहरूलाई चिन्दिनथेँ ।

अहिले सम्झिन्नँ कुनकुन सन्दर्भका थिए, तर 'कान्तिपुर', 'राजधानी', 'स्पेसटाइम' दैनिकहरू अनि 'नेपालीपत्र' र 'समकालीन' साप्ताहिकमा नरेन्द्रराज प्रसाईका लेखहरू आइरहन्थे । अरू छापाहरूमा पनि नरेन्द्रका लेख पढ्न पाइन्थ्यो । कुनैमा त लेखकको नाम भने नइ नै हुन्थ्यो । आफूले लेखे तापनि लेखकको नाममा इन्दिरालाई पनि साझा गरी नरेन्द्रले नइ लेख्थे र इन्दिराले पनि आफ्ना लेखमा त्यसै गर्थिन् । पुरुष सत्तात्मक समाजमा खास गरेर नरेन्द्रले चाहिँ आफ्नी अर्धाङ्गिनीलाई दिएको महत्त्वले आफूले चिन्दै नचिनेको नरेन्द्रराज प्रसाईप्रति मेरो मनमा एउटा गहकिलो सम्मान जगाएको थियो । इन्दिरा प्रसाईका पनि रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहन्थे । उनको लेखनशैली र प्रस्तुति मलाई रोचक लाग्थ्यो । उनको नाम देखेपछि म ती रचना पढ्ने गर्दथेँ । यति हुँदाहुँदै पनि नइसँग मेरो साक्षात्कार भने कहिले भएको थिएन ।

२०४९ सालको कुरा हो पिताजीको 'द्रौपदी र सीता' पुस्तकको बारे रसियन सांस्कृतिक केन्द्रको सानो सभाकक्षमा अन्तरक्रिया भइरहेको थियो । त्यही कार्यक्रममा इन्दिरा प्रसाईले बोलेकी थिइन् । मैले पहिलोपल्ट त्यहीँ उनलाई प्रत्यक्ष देखेकी थिएँ । तर त्यस दिन हाम्रो दुईतर्फी परिचय भने भएन । त्यतिखेर साहित्यकारहरूका लागि मदनमणि दीक्षितकी छोरीभन्दा बाहेक मेरो परिचय नै के थियो र ! २०४३ सालमा 'गरिमा' मासिकमा मेरो कथा प्रकाशित भइसके तापनि मेरै जन्मदातालाई समेत पनि म लेख्छु भन्ने कुरा थाहा नै थिएन ।

वर्ष अहिले सम्झना भएन, कवयित्री उषा श्रेष्ठको कवितासङ्ग्रहको लोकार्पण र्‍याडिसन होटेलमा हुन लागेको थियो । म हलबाहिर पुग्दा मेरा अगाडिबाट नइ जोडी आइरहेका थिए । उनीहरूलाई देखेर म रोकिएँ । मेरा आँखाहरू उनीहरूतिरै लक्षित थिए । कोही नचिनेको मानिस आफूहरूतिर मुसुक्क हाँस्दै हेरिरहेको बुझेर उनीहरू केही असमञ्जसमा परेका थिए । त्यसै बेला पहिलो चोटि उनीहरूसित मेरो कुरा भयो । औपचारिक परिचयका क्रममा नै नरेन्द्रको इन्दिराप्रतिको समर्पण त्यहाँ मैले देखेकी थिएँ ।

मैले नरेन्द्रलाई आफ्नो परिचय दिएँ र उनले आफ्नी अर्धाङ्गिनीप्रति सम्मान दिएको कारणप्रति आफू प्रभावित भएको तथ्य बताएकी थिएँ । आफ्ना प्रशंसक भेटेकोमा नइले पनि खुसी नै मानेको जस्तो मलाई लागेकै थियो । भित्र हलमा पछाडि सिटमा बस्न खोजेकी मलाई माड्सापकी छोरी भनेर नरेन्द्रले मेरा मातापिता बसेकै ठाउँमा अगाडिको लहरमा लगेर बसाए । नरेन्द्रको स्वभाव फर्स्याइलो रहेछ भन्ने त्यस बखत मलाई झन् थाहा भयो ।

र्‍याडिसन होटेलमा त्यही दिन पिताजीको नाताबाट नइसँग मेरो औपचारिक परिचय र साइनो गाँसिएको थियो ।

२०६० सालतिर बल्ल मेरा पिताजीले म कथाहरू लेख्छु भन्ने थाहा पाउनुभएको थियो । पिताको प्रेरणाले र मेरा पतिदेव दीपक भट्टराईको उत्साहले मेरो पहिलो पुस्तक 'मन मनै त हो' प्रकाशित हुने भयो । त्यतिन्जेलसम्म म पिताजीसँग साहित्यका बारेमा केही कुरा गर्न थालेकी थिएँ । पिताजीले पनि साहित्यकारहरू आउँदा मलाई पनि बोलाउनुहुन्थ्यो । यसै सिलसिलामा कालिकास्थान गएको बेलामा कहिलेकाहीँ नइ जोडीलाई मैले पिताजीको कार्यकक्षमा भेट्दथेँ । नइका ती भेटहरू माड्सापसित मात्र नभई मेरी आमा रीता दीक्षितसँग पनि आमा र सन्तानहरूको भेटजत्तिकै आत्मीय हुने गर्दथे । मेरी आमाबाट पनि नइलाई उत्तिकै स्नेह हुने गर्थ्यो ।

मेरो पहिलो पुस्तकको विमोचनको अवसरमा मैले नइलाई निम्तो गरेँ । नरेन्द्रराज प्रसाईले नै मलाई सो अवसरमा बोलाउनैपर्ने केही व्यक्तिहरूको नाम सुझाएका थिए । साथै गुञ्जनका सदस्यहरूको नाम लिएर 'उनीहरूलाई पनि पक्कै बोलाउनुहोला है दिदी' भनेका थिए । मैले नरेन्द्रको सुझावअनुसार नै काम गरेकी थिएँ ।

मेरा कर्मयोगी पिताजीको बिहान सात बजेदेखि लेख्ने, लेखाउने र पढने कर्मयोग सुरु हुन्थ्यो । मेरा पिताजी आफू लेखपढमा अत्यन्त परिश्रमी ! त्यही भएर लेखपढमा परिश्रम गर्ने व्यक्तिलाई उहाँ उत्तिकै मन पराउने र आदर सम्मान गर्नुहुन्थ्यो । नइको साहित्यप्रतिको लगन र सेवाबाट उहाँ प्रभावित हुनुहुन्थ्यो । विशेष गरी नरेन्द्रराज प्रसाई मरिमेटेर साहित्यको उत्थानमा लागेको तथ्यको मुक्तकण्ठले उहाँ तारिफ गर्नुहुन्थ्यो । लेखनमा चाहिँ उहाँ इन्दिरा प्रसाईको लेखनी र शैली निकै मन पराउनुहुन्थ्यो । इन्दिराको लेखन निकै राम्रो छ, मेरा पिताजीले मसँग बराबर भनेको मलाई सम्झना छ ।

आफ्ना सन्तानहरूसँग गम्भीर हुने मेरा पिताजीको स्वभाव थियो तर नइसँग भने उहाँ ठट्टै पनि गर्ने गर्नुहुन्थ्यो । पिताजीको नइसितको सद्भावना निक्कै लोभलाग्दो थियो ।

२०६१ सालमा एक वर्ष बेलायतको लफबरा भन्ने सहरको बसोबास र बेलायतका विभिन्न सहर तथा युरोपका केही अन्य देशहरूको भ्रमणको संस्मरणको पहिलो नियात्रा पुस्तकको पाण्डुलिपि पिताजीलाई देखाएँ । उहाँलाई मन पऱ्यो । त्यसलाई पुस्तकाकार दिइहाल्नु भन्नुभयो । सो पुस्तकमा भूमिका ककससँग लेखिमाग्ने भन्ने विषयमा पिताजीसित सुझाव पनि मागेँ । पिताजीले एक जना रोचक घिमिरे र अर्कोमा इन्दिरा प्रसाईको नाम दिनुभएको थियो ।

रोचक घिमिरेले आफूले नियात्राका बारेमा खासै नलेखेको हुँदा बरु अहिलेका चर्चित समालोचक गोविन्दराज भट्टराईसँग भूमिका लेखाउने सुझाव दिए । त्यसपछि पिताजीले भट्टराई र इन्दिरा दुवैलाई बोलाएर सो पाण्डुलिपिहरू दिनुभएको थियो र पन्ध्र दिनभित्र भूमिका लेखिदिन पिताजीबाटै अनुरोध भएको थियो । वरिष्ठ विद्वान् र पितातुल्य व्यक्तिको आग्रहलाई दुवैले नकार्न सकेनन् । दुवैले पुस्तक मन पराएर र आफूहरू अति नै व्यस्त हुँदाहुँदै पनि पिताजीको वचनको मान राखेर पन्ध्रै दिनमा भूमिका लेखेर पनि दिएका थिए । इन्दिरा प्रसाईबाट पाण्डुलिपि फिर्ता आउँदा त्यसमा शीर्षक पनि राखिएको थियो 'लफबराको वरिपरि' । मेरो पुस्तकको इन्दिरा प्रसाईले न्वारन गरिदिएकी थिइन् ।

पछि इन्दिरा प्रसाई गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष भएपछि उनले गोरखापत्रको जीर्ण भवनको जीर्णोद्धार गर्ने योजना बनाएकी थिइन् । यसका लागि उनले सिभिल इन्जिनियर मेरा पति दीपक भट्टराईलाई त्यहाँको स्थलगत भ्रमण गराएकी थिइन् । तर त्यो योजना सुरु गर्न नपाउँदै इन्दिराले सो पदबाट हट्नु परेको थियो । त्रिमूर्ति निकेतनको भवनको निर्माणका क्रममा पनि मेरा श्रीमान्ले नइलाई केही सल्लाह सुझाव दिएका कारण नइदम्पती हामीप्रति झनै घनिष्ठ भएका थिए ।

नेपाली साहित्यका लागि मरिमेटने नरेन्द्रराज प्रसाईमा साहित्य लेखनको कला छ । उनको भाषा रोचक र प्रस्तुति आकर्षक छ । उनी आख्यानलेखनमै लागिपरेको भए नेपाली साहित्यलाई माथिल्लो दर्जामा पुऱ्याउने आख्यानहरू लेखिसकेका हुन्थे । तर उनले आफू चर्चित हुनुभन्दा अरूलाई चर्चित गराउने बाटो रोजे । उनले अरूले नछानेको विधालाई अपनाए । उनले पहिलोपल्ट वरिष्ठ लेखिका सुश्री पारिजातको सिङ्गो जीवनीकृति २०५७ सालमा लेखेर नेपाली साहित्यमा वैज्ञानिक तवरको जीवनीलेखनको सुरुवात गरे । नेपाली साहित्यका पाठकहरूले

लेखकलाई चिने तापनि लेखकका बारेमा खासै जानेका हुँदैनन् । तिनै लेखकहरूलाई पाठकहरूले साङ्गोपाङ्गो रूपमा चिनून, उनको समग्र व्यक्तित्व राम्ररी बुझून भनेर नरेन्द्रले लेखकहरूको जीवनी लेख्न थाले । यसरी लेखकका रचनाले मात्रै पाठकले स्रष्टालाई चिन्ने गरेको अवस्थालाई नरेन्द्रले ती सर्जकहरूकै जीवनी लेखेर पाठकहरूलाई लेखकको समग्र जीवन बुझाउने प्रयास गरे । उनको यो कार्यले स्रष्टालाई मात्रै न्याय गरेन, सिङ्गो नेपाली साहित्यप्रति पनि न्याय गरेको छ ।

प्रस्तुत पुस्तकमा नरेन्द्रराज प्रसाईद्वारा लेखिएका जीवनीका पाँच पुस्तकहरूका बारेमा मदनमणि दीक्षितद्वारा गरिएका समीक्षाहरूलाई समावेश गरिएको छ ।

मदनमणि दीक्षितको भनाइअनुसार नेपाली साहित्यमा जीवनीलेखनको अनिकाल परेको अवस्थामा नरेन्द्रराज प्रसाईले जीवनी साहित्यलाई मुख्य प्राथमिकता दिएर जीवनीलेखनलाई अघि बढाए । जीवनीलेखनलाई बेवास्ता गरिरहेको नेपाली साहित्यमा नरेन्द्रराज प्रसाईको सत्प्रयासलाई दीक्षितले निकै प्रशंसा गर्नुभएको छ । दीक्षितका अनुसार नेपाली साहित्यको उर्वर भूमिमा खडेरीको अवस्था भोगिरहेको जीवनीलेखनलाई आफ्ना साधनाले प्रसाईले जीवनीलेखनको वर्षा नै गराए । उनको यस कार्यले जीवनीलेखनको फाँट मौलिँदै आएको दीक्षितले अनुभव गरेको पाइयो र उक्त लेखनको मुक्तकण्ठले प्रशंसा पनि गरेको देखियो । यसै प्रसङ्गमा दीक्षितले लेख्नुभएको छ– 'प्रसाईले जीवनीलेखन शैलीलाई आधुनिक ढाँचामा उभ्याएका छन् ।'

ललितत्रिपुरसुन्दरी नेपाली इतिहासकी एक पात्र, जसले आफ्ना पतिको मृत्युपश्चात् नायबी भएर नेपालको राजकाज चलाइन् । किशोरावस्थामै वैधव्य धारण गरेकी उनले आफूमा भएको अध्यात्म चेतले त्रिपुरेश्वरमा शिवमन्दिर बनाइन् । राजकाजबाहेकको समयमा

उनी पूजाआजा तथा आध्यात्मिक पुस्तक पढेर बिताउने गर्थिन् । ती आध्यात्मिक पुस्तक अध्ययनको सिलसिलामा नै आफूले संस्कृत भाषामा पढेको कुरालाई संस्कृत नजान्नेहरूका लागि आफ्नो भाषामा अनुवाद गर्ने सोच उनमा आयो । उनको सोही सोचको परिणामस्वरूप महाभारतको शान्तिपर्वमा रहेको राजधर्म अनुशासनका बारेमा लेखिएको 'राजधर्म' उनले नेपाली भाषामा अनुवाद गरिन् । उनको यसै योगदानका कारण उनी नेपाली साहित्यकी प्रथम नारीस्रष्टाको रूपमा इतिहासमा दर्ता भइन् ।

यसरी इतिहासमा मात्र सीमित भएकी तर नेपाली साहित्यले खासै खोज खबर नगरेकी एउटी नेपाली नारीस्रष्टाको बारेमा नरेन्द्रराज प्रसाईले व्यापक खोज खबर गरी नेपाली साहित्यले राम्ररी चिन्ने गरी उनको जीवनी लेखेर प्रकाशित गरे । नरेन्द्रको सो स्तुत्य कार्यप्रति विद्वान् मदनमणि दीक्षितको साहित्यिक मन प्रभावित भयो । अक्षरशिरोमणि दीक्षित ललितत्रिपुरसुन्दरीलाई नेपाली साहित्यमा स्थापित गराउने कार्यले नरेन्द्रराज प्रसाईको प्रतिष्ठा अरू उचालिएको अनुभूत गर्नुहुन्छ र उनलाई साधुवाद दिनुहुन्छ । आफ्ना पछिल्ला वर्षहरूमा नेपाली साहित्यकै सेवामा तनमनले लागेका दीक्षित आफूले पढेको एउटा साहित्यिक कृतिको महत्त्व बुझ्ने मनीषि भएकाले जीवनीजस्तो महत्त्वपूर्ण विधालाई विशेष योगदान दिएकोमा दीक्षितले नरेन्द्रलाई हार्दिकतापूर्वक शब्दको पुष्पाञ्जली अर्पण गर्दै सो कृतिको स्वतस्फूर्त रूपमा समीक्षा गर्नुभएको छ । दीक्षितले नरेन्द्रकृत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' कृतिका प्रभावका कारण सोही कृतिकै आवरणमा रहेको ललितत्रिपुरसुन्दरीको तस्बिर नेपाली काष्ठकलाको कलात्मक फ्रेममा सजाएर आफ्ना अध्ययनकक्षमा टाँस्नुभयो ।

आफ्नो प्रयासद्वारा चर्चित वा ओझेलमा परेका विभिन्न नेपाली महिला साहित्यकारहरूको नालीबेली केलाउँदै उनीहरूको विषयमा पाठकहरूलाई जानकारी दिने उद्धेश्यले मात्र नभई नेपाली महिला

साहित्यकारहरूको इतिहास राख्ने कार्य गर्दै २२४ जना नारी स्रष्टाहरूको जीवनीमूलक पुस्तक 'नारीचुली' प्रकाशन गरेको कार्यको प्रशंसा गर्दै दीक्षितले उक्त पुस्तकको समीक्षा गर्नुभएको छ । उहाँ भन्नुहुन्छ– 'समाजले नारीलाई यौनको दृष्किोणबाट मात्र हेरेर उनीहरूप्रति धारणा बनाउने गरे । तर नरेन्द्रराज प्रसाईले भने त्यो धारणाबाट मुक्त रही नारीको मर्यादालाई अघि बढाउँदै नारीस्रष्टाहरूको नाम, उनीहरूको काम र उनीहरूको परिचयलाई ससम्मान समाजको अगाडि ल्याउने कार्य गरे ।'

नेपाली साहित्यमा 'नारीचुली'को समीक्षा गर्ने क्रममा दीक्षितले प्राग्इतिहासकालमा नारीको अस्तित्व र महत्त्व दर्साउने खालका संस्कृति र सो संस्कृति झल्काउने पूजाविधिहरूका बारेमा बताएका छन् । तिनै प्राग्इतिहासकालीन पूजाहरूमा नारीको महत्त्व, सिन्धुघाटी सभ्यतामा नारीहरूको महत्त्व, सो सभ्यताको विलयपछि उदाएका मात्रिका पूजाहरू; दुर्गा, भवानी, चण्डी, कालिका आदि देवीहरूको दुर्गा सप्तशती आदिद्वारा महत्त्व झल्काइएको बारेमा बयान गर्नुभएको छ । त्यसै गरी वैदिक कालमा पनि समाजमा नारीहरू श्रेष्ठ स्थानमा रहेको बारेको प्रसङ्ग उठाउनुभएको छ । त्यसै गरी उहाँले महायानी बौद्ध सम्प्रदायको संस्कृति तर सिङ्गै नेपालको पहिचान बनेको कुमारी प्रथा र कुमारी पूजाको संस्कृतिको उल्लेख गर्दै नेपालमा प्राचीनकालदेखि नै नारी सम्मानित रहेको कुरालाई आफ्नो समीक्षामा व्याख्या गर्नुभएको छ । यसै क्रममा दीक्षितले नेपालकी छोरी भृकुटीको चर्चा गर्दै मनुष्यको जीवनमा साङ्गोपाङ्ग रूपमा रहेको माताको महत्त्वको बयान गर्दै उक्त कुरालाई नरेन्द्रकृत 'नारीचुली'सँग जोड्नुभएको छ ।

नरेन्द्रराज प्रसाईको नारीमाथिको लेखनकार्यको मुक्तकण्ठले प्रशंसा गर्दै दीक्षित लेख्नुहुन्छ– 'नारीचुली'जस्तो नेपाली नारी साहित्यकारको समग्र नालीबेली भएको कृति जोसुकैले हत्तपत्त लेख्न

सकिने कुरो होजस्तो मलाई लाग्दैन । यस्तो लेख्न लेखकले राजनीतिक रूपमा निराकार रहन तपस्या गर्नैपर्छ । 'नारीचुली'भित्र जुनसुकै राजनीतिक विचारका स्रष्टालाई पनि प्रसाईले मर्यादापूर्वक प्रस्तुत गरेका छन् । नेपालभित्र, बाहिरका जुनसुकै स्रष्टासँग पनि निर्लिप्त भएर प्रसाईले नारीहरूका बारेमा लेखेका छन् । नेपालको यस्तो सङ्कीर्ण राजनीतिक परिवेशमा नरेन्द्रराज प्रसाईबाहेक कसैले पनि यस्तो प्रशंसनीय रूपको 'नारीचुली' यति सजिलै लेख्न सक्छन् जस्तो मलाई लाग्दैन । राजनीतिक रूपमा यसरी निर्लिप्त भएर विभिन्न राजनीतिक विचारधारा राख्ने स्रष्टाहरूप्रति उचित सम्मान देखाई उनीहरूका बारेमा प्रसाईले लेखेबाट दीक्षित निकै प्रभावित हुनुभएको छ । ५३५ पृष्ठको 'नारीचुली' बजारमा आएपछि त्यस कालखण्डमा उक्त कृति चर्चाकै सेरोफेरोमा रहेको पनि थियो । 'नारीचुली'बारे त्यति बेला बिबिसी लन्डनले समेत समाचार सम्प्रेषण गरेको थियो ।

२२४ जना नारीस्रष्टाहरूको परिचय दिन 'नारीचुली' ग्रन्थले नेपाली साहित्यका लागि एउटा महत्त्वपूर्ण स्थान बनाएको दीक्षितको धारणा रहेको छ ।

पारिजातको जीवनदर्शनसित दीक्षित असम्पृक्त हुनुहुन्थ्यो तर उनको लेखन सीप, भाषा र शैलीलाई मन पराउनुहुन्थ्यो । उनले पारिजातको जीवनी लेखेकोमा प्रसाईको निकै प्रशंसा गर्नुभएको छ । राष्ट्रनिर्माणमा विभिन्न व्यक्तिको विभिन्न क्षेत्रमा आआफ्नै खालको महत्त्वपूर्ण भूमिका हुने हुँदा ती व्यक्तिहरूका जीवनी लेख्नुपर्छ भन्ने विषयमा दीक्षित प्रस्ट हुनुहुन्छ । उनी भन्छन्– 'राष्ट्रनिर्माण एउटा सग्लो प्रक्रिया हो, जसलाई कुनै एक्लो व्यक्तिले सम्पूर्णताका साथ योगदान गर्न सम्भव हुँदैन । देशमा प्रजातन्त्र ल्याउनका लागि विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहले गर्नुभएजस्तै इतिहास लेख्ने कार्य, बाबुराम आचार्यले र आफ्नो क्षेत्रमा नयराज पन्तले, लैनसिंह बाङ्देलले र

कविताको क्षेत्रमा माधवप्रसाद घिमिरे वा केदारमान व्यथितले गरेका थिए । यसरी आआफ्नो क्षेत्रमा गरेको योगदानहरूले परोक्ष रूपमा देशको इतिहास प्रसाईले अभिलिखित गरेका छन् भन्ने दीक्षितको धारणा रहेको छ । त्यस कारण त्यस्ता व्यक्तिहरूको जीवनी लेख्नु भनेको देशको इतिहास लेख्नु हो भन्ने दीक्षितको सोच रहेको छ । यसै कारण प्रसाईले पारिजातको जीवनी लेखेकोमा उहाँले लेखकलाई साधुवाद दिँदै लेखकको सो कार्यप्रति सन्तोष मान्दै आफ्नो मनमा प्रसाईप्रति सम्मानको भाव बढेको स्विकार्नुभएको छ ।

कुनै समयमा अक्षरशिरोमणि मदनमणि दीक्षितको मनमा व्यक्ति ठूलो कि देश ठूलो भन्ने संशय आएको देखिन्छ । तर जब नरेन्द्रराज प्रसाईद्वारा अर्को चर्चित जीवनीकृतिका रूपमा लैनसिंह बाङ्देलको जीवनी 'बाङ्देलको जीवनयात्रा' प्रकाशनमा आयो, उक्त पुस्तक दीक्षितले पढ्नुभयो । त्यसपछि उहाँको मनमा बाङ्देलले आफ्ना सत्कर्मद्वारा देशलाई चित्रकला, साहित्य र देशका प्राचीन मूर्तिहरूका बारेमा गरेका अन्वेषण आदि योगदानका कारणले बाङ्देल देशभन्दा ठूला रहेका भन्ने कुरामा दीक्षित दृढ हुनुहुन्थ्यो ।

चित्रकलाका साधक र नेपाली साहित्यका उपासक लैनसिंह बाङ्देलले आफ्नो जीवनकालमा आफ्नो कर्मले देशको गरिमा उचाल्ने काम गरे । त्यसको साथै उनले नेपालका मूर्तिहरूका बारेमा अध्ययन अनुसन्धान गरेर नेपालबाट बाहिरिएका विभिन्न दुर्लभ मूर्तिहरूलाई देशमै फर्काउनका लागि ठूलो भूमिका खेले । तर बाङ्देलका यी महत्त्वपूर्ण कार्यहरूका बारेमा वर्तमानमा सबैलाई जानकारी नहुन पनि सक्थ्यो । यदि प्रसाईले उनको जीवनी नलेखेका भए बाङ्देलको यस्तो योगदान भविष्यको गर्भमा पुरिन पनि सक्थ्यो । यसै कृतिको अध्ययनबाट एकातिर प्रसाईको योगदानबाट प्रभावित र अर्कातिर

बाङ्देलको योगदानप्रति आकर्षित भएर दीक्षितले 'जीवनीलेखनको सफल नमुना : लैनसिंह बाङ्देल' भनी मन खुलाएर नै समीक्षा गर्नुभएको छ ।

४०६ पृष्ठको 'बाङ्देलको जीवनयात्रा' पुस्तकको समीक्षामा दीक्षितले आफ्नो विद्वता र अध्ययनको आधारमा जीवनीलेखनका दुई तरिकाहरूका बारेमा आफ्ना विचार पोख्नुभएको छ । साथै उहाँले कुनै पनि जीवनीलेखन पूर्णाङ्गी नहुने तथ्य स्विकार्दै प्रसाईले बाङ्देलका बारेमा लेख्दा उनका दैनन्दिनी, पत्रसङ्ग्रह, दार्जिलिङमा रहेका बाङ्देलसित परिचितहरूसँग सम्पर्क गरी तथ्य हासिल गरेको, आफैँ पनि वर्षौं बाङ्देलको सम्पर्कमा रहेको, बाङ्देल दार्जिलिङ र कोलकाताको परिवेशलाई खोतल्ने कार्य गरेको साथै उक्त कृतिको भूमिकासमेत बाङ्देलद्वारा नै लेखिएकाले पनि प्रसाईबाट लेखिएको जीवनीकृति भरपर्दो भएको ठहर गर्नुभएको छ । यिनै कारणले गर्दा यो जीवनी पठनले पाठकले बाङ्देललाई राम्ररी चिन्न र बुझ्न सक्नेछन् भन्ने दीक्षितको ठहर रहेको छ ।

देशको गरिमालाई माथिल्लो स्तरमा पुऱ्याउने देशका बाङ्देलजस्ता सपूत र गर्बिलो नक्षत्रका बारेमा जीवनी लेखेर लेखकले नेपाली साहित्यलाई मात्र होइन यसका पाठक र सिङ्गै देशलाई नै गुन लाएको दीक्षितले अनुभूत गर्नुभएको छ ।

नेपाली समाजमा कृति र कीर्ति राखेका उन्नाइस जना व्यक्तिहरूको परिचय र योगदानका बारेमा नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'समाजका केही चिन्तक' पुस्तकको पाण्डुलिपिमाथि मदनमणि दीक्षितलाई भूमिका लेख्नका लागि लेखकले आग्रह गरेका थिए । सोही पाण्डुलिपिमाथि दीक्षितले दार्शनिक तवरको एउटा लामो व्याख्या गर्नुभएको छ ।

'समाजका केही चिन्तक' जीवनीसङ्ग्रहका बारेमा दीक्षित लेख्नुहुन्छ– 'नरेन्द्रराज प्रसाईले उन्नाइस जना व्यक्तिहरूलाई समाजसेवी भनी चयन गरी उनीहरूका बारेमा कलम चलाएका छन् । ती व्यक्तिहरूलाई उनले समाजसेवी भने तापनि उनीहरूलाई सत्कार्यकर्ता र सत्प्रयासकर्ता ठानेर आफ्नै परिभाषाका आधारमा छनोट गरी उनीहरूको छोटकरी परिचय दिएको छ ।' खास गरेर त्यति बेला जीवनीकृति लेखनका प्रारम्भिक चरणमा प्रसाईको उक्त कृति प्रकाशनमा आएको थियो ।

मदनमणि दीक्षितको दृष्टिकोणमा प्रत्येक मानिस विश्वकै एउटा चमत्कार हो । त्यस्तो चमत्कारलाई आफूमा समस्त ज्यामितीय सूत्रलाई ॐ निर्द्वन्द्व व्याख्या गर्न सकिन्न । कुनै त्रिभुज वा आयामहरूभन्दा मानिस माथि हुन्छ । मानिस कुनै चित्रमा अटाउँदैन । रेखाचित्रभित्र त झनै अटाउँदैन । अटाएको देखाउनु लेखकको कर्तव्य हो । यो कार्यलाई लेखक आफूले रोजेका व्यक्तिबारे आफू तटस्थ रहेर केही मात्रामा सघाउनुपर्छ । व्यक्तिको जीवन सामाजिक चेतनाको अभिव्यक्ति हो । त्यस्तो अभिव्यक्ति कसमा कति सम्पूर्णतामा भएको थियो वा भएको छ भन्ने देखाउनु जीवनी लेखकको काम हो ।

'नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति' पुस्तकमा अक्षरशिरोमणि मदनमणि दीक्षितबाट गरिएको समीक्षाले नेपाली साहित्यको इतिहासमा एउटा बेग्लै स्थान र महत्त्व राख्छ भन्ने मेरो ठम्याइ रहेको छ । दीक्षितद्वारा प्रसाईका जीवनीकृतिमाथि विभिन्न समयमा लेखिएका यी गहन लेखहरू एउटै कृतिका रूपमा समाविष्ट होस् भन्ने मनसायले मैले यो कृति प्रस्तुत गरेकी छु । यस कृतिको अर्को विशेषता के रहेको छ भने मदनमणि दीक्षितका लेखनी टुङ्गिएपछिका हरेक लेखका मुनितिर तत्तत् कृतिमाथि अर्काअर्का समीक्षकका संक्षिप्त दृष्टिकोण पनि प्रस्तुत गरिएका छन् । त्यसैले यो कृति पाठकहरूलाई नौलो र रोचक लाग्छ भन्ने मलाई लागेको छ । साथै

पुस्तकको परिशिष्ट खण्डमा दीक्षितकै छोटकरी जीवनी प्रस्तुत गरिएको छ । यस छोटकरी परिचयात्मक जीवनीद्वारा पाठकले दीक्षितको सम्पूर्ण जीवनको विस्तृत जानकारी त पाउँदैनन् तथापि यसबाट उहाँका बारेमा संक्षिप्त तर आधिकारिक जानकारी भने अवश्य पाउनेछन् ।

नरेन्द्रराज प्रसाईजस्ता साहित्यका लागि मरिमेट्ने र खास गरेर जीवनीलेखनमा महत्त्वपूर्ण कीर्तिपताका फहराउने स्रष्टाबारे नेपाली वाङ्मयका एक शीर्षस्थ विद्वान् अक्षरशिरोमणि मदनमणि दीक्षितद्वारा लेखिएको यस समीक्षाकृतिले नेपाली जीवनी साहित्यको इतिहासलाई थप सुरक्षित राख्ने काम गरेको छ । यसका लागि लेखक भाइ नरेन्द्रराज प्रसाई र समीक्षक पिता मदनमणि दीक्षितप्रति मेरो हार्दिक साधुवाद छ ।

**चैत १८, २०८१**
**महाराजगन्ज, काठमाडौँ**

नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति

# इतिहासकै श्रेष्ठ नारी ललितत्रिपुरसुन्दरी

नेपाली साहित्यमा जीवनीलेखनको अनिकाल परेको अवस्थामा नरेन्द्रराज प्रसाईले जीवनी साहित्यलाई मुख्य प्राथमिकता दिएका छन् । जीवनीलेखन शैलीलाई प्रसाईले आधुनिक ढाँचामा उभ्याएका छन् । उनको जीवनीलेखन सिद्धान्तले मान्छेको सोझो जीवनचित्र छर्लङ्ग्याउनुका साथै वैज्ञानिक पद्धतिको गुरुत्तर दैलो पनि उघारेको पाइन्छ ।




**प्रथम संस्करण** : २०६४
**तेस्रो संस्करण** : २०७८

नरेन्द्रराज प्रसाईद्वारा लिखित ऐतिहासिक व्यक्तितत्व ललितत्रिपुरसुन्दरीबारेको ‘प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी’ पहिलो र महत्त्वपूर्ण पुस्तक हो । त्यसो त प्रसाईले यसभन्दा पहिले जीवनीका मात्र बाह्रवटा पुस्तक लेखिसकेका छन् । (नरेन्द्रराज प्रसाईद्वारा लिखित जीवनीकृति २०८१ सालसम्ममा एकतिसवटा र अङ्ग्रेजी भाषामा अनुवाद भएका नौवटासमेत चालिसवटा कृति प्रकाशित भएका छन् । सम्पादक)

ललितत्रिपुरसुन्दरीको जन्म संवत् १८५० मा भयो भनिएको छ । यद्यपि यो मितिबारे इतिहासकारहरूबीच एकै मत भने हुन सकेको छैन ।

श्री ५ रणबहादुर शाहले बाह्र वर्षकी ललितत्रिपुरसुन्दरीलाई विवाह गरेर ल्याए । यो विवाह जनरल भीमसेन थापाको अग्रसरतामा भएको थियो । पर सर्नुभन्दा पहिले विवाहित ललितत्रिपुरसुन्दरी नै बिधुवा भइन् । ललितत्रिपुरसुन्दरी श्री ५ रणबहादुर शाहकी पाँचौँ पत्नी थिइन् । इतिहासकारहरूले ललितत्रिपुरसुन्दरीको माइती थापा वा खड्का केचाहिँ हुन् भन्नेबारे विवाद गरे तापनि तिनी बगाले थापाकी छोरी थिइन् । उनी नेपाली हुन् भन्नेमा विश्वास गर्नुपर्ने देखिन्छ ।

ललितत्रिपुरसुन्दरीका काठमाडौँ उपत्यकामा दुईवटा धातुमूर्ति रहेका छन् । त्यसमध्ये छाउनीमा रहेको मूर्ति कहिले बन्यो भन्नेबारे निश्चित भन्न सकिँदैन । तथापि संवत् १९९२ मा श्री ३ जुद्धशमशेरले काठमाडौँको छाउनीमा स्थापित गरेको राष्ट्रिय सङ्ग्रहालय (म्युजियम)मा ललितत्रिपुरसुन्दरीको भव्य सालिक छँदै छ । ललितत्रिपुरसुन्दरीको ऐतिहासिक महत्त्व त्यसै सालिकबाट स्थापित भएको छ ।

ललितत्रिपुरसुन्दरी साँच्चै नै अद्वितीय सुन्दरी थिइन् । त्यसैले श्री ३ जुद्धशमशेरले तिनको भव्य सालिक राष्ट्रिय सङ्ग्रहालयमा राख्न लगाएका थिए । रानी, राजमाता, देशभक्त, समाजसेवी, धर्मपरायण, साहित्यकार र लामो अवधिसम्म देशको नायबी रहेकी ललितत्रिपुरसुन्दरीले समर्पित भएर राष्ट्रसेवा गरेकी हुँदा नै राष्ट्रिय सङ्ग्रहालयमा तिनको धातुमूर्ति स्थापित भएको हुनुपर्छ । राणाकालीन युगभन्दा अघि र पछि पनि उनको ठीक र उचित सम्मान र श्रद्धा गर्ने लहर चलेकै छ ।

ललितत्रिपुरसुन्दरीले काठमाडौँको त्रिपुरेश्वरमा शिवको भव्य मन्दिर बनाएकी थिइन् । त्यस मन्दिरपरिसरमा अरू केही ससाना

मन्दिरहरू पनि उनले बनाएकी थिइन् । त्यहाँ उनको सालिक र उनका विषयमा अभिलेख पनि राखिएको छ । ती सबै महत्त्वपूर्ण योगदान गर्नुका साथै ललितत्रिपुरसुन्दरीले महाभारतको शान्तिपर्व (राजधर्म अनुशासनपर्व) लाई 'राजधर्म'को नाउँले नेपाली भाषामा प्रस्तुत गरेर इतिहासमा नै श्रेष्ठता प्राप्त गरिन् ।

ललितत्रिपुरसुन्दरीले संवत् १८८१ मा संस्कृत भाषाबाट नेपाली भाषामा 'राजधर्म' अनुवाद गरेकी थिइन् । यसबारे नरेन्द्रराज प्रसाई लेख्छन्– 'राजधर्म'को अनुवादबाट ललितत्रिपुरसुन्दरी एउटी गतिली आख्यानकारमा स्थापित भइन् । त्यस कालमा न शिक्षाको प्रबन्ध थियो, न नारीशिक्षामा बढावा थियो । त्यस बखत पढेर लेखेर होइन; लेखक, कवि र पण्डितहरूसँगका सत्सङ्गतले उनी सर्जक बनेकी थिइन् । किशोरी वयमै उनीमाथि बज्रन गएको कठोर वैधव्यका कारण जीवनलाई हेर्ने अन्तर्मुखी र अध्यवसायी दृष्टिकोणबाट प्रेरित भई उनले 'राजधर्म'को अनुवाद गरेको हुनुपर्छ भन्ने इतिहासकारहरूको मान्यता छ । शाहवंशीय परम्पराका दुई जना श्री ५ हरूको नायबी हुनाका कारण पनि उनले 'राजधर्म'को अनुवादलाई प्राथमिकता दिएको हुनुपर्छ भन्ने मान्यता पनि निकै प्रबल देखिन्छ ।

'ललितत्रिपुरसुन्दरीले 'राजधर्म'मार्फत जीवन र जगत्लाई आध्यात्मिक दृष्टिकोणबाट हेर्ने प्रयत्न गरेकी छिन् । वास्तवमा नारीका लागि त्यस्तो औँसीको समयमा पनि ललितत्रिपुरसुन्दरीले आफ्नो आत्मसन्तुष्टिका साथै जनतामाऊ 'राजधर्म'को प्रकाश छर्ने अभिप्रायले ग्रन्थको निर्माण गरिन् । त्यति विशाल कृतिको सृजना गरेर उनले ख्याति पनि कमाइन् । 'राजधर्म'का माध्यमबाट उनले आफ्नो भाषा, शैली र प्रस्तुति पनि जनमाऊ पुऱ्याइन् । उनले प्रयोग गरेको भाषा अहिलेसम्म पनि त्यति नै रुचिकर भएको र उनको अभिव्यक्ति पनि त्यत्तिकै सशक्त रहेको पाइन्छ ।

नेपालको इतिहासकी त्यस्ती अद्वितीय र बालबिधुवा नारीबारेको कृति नइ प्रकाशनमार्फत नरेन्द्रराज प्रसाईद्वारा 'प्रथम नारीसष्टा ललितत्रिपुरसुन्दरी' प्रकाशमा आएको छ । आफ्नो सुकर्मद्वारा इतिहास बनाएकी ललितत्रिपुरसुन्दरीबारे इतिहासका पुस्तकहरूमा सामान्य उल्लेख मात्रै भएको पाइन्छ । त्यसैले ललितत्रिपुरसुन्दरीको इतिवृत्त लेखेर नरेन्द्रराज प्रसाईले आफ्ना निम्तिसमेत उल्लेख्य प्रतिष्ठा कमाएका छन् । प्रसाईप्रति म आफ्नो हार्दिक पुष्पाञ्जली अर्पित गर्छु ।

• १४ **भदौ**, २०६४

• • •

## समालोचकका दृष्टिमा 'प्रथम नारीसष्टा ललितत्रिपुरसुन्दरी'

इतिहाससम्बद्ध वा इतिहाससँग जोडिएका तर पर्याप्त ऐतिहासिक सूचनासामग्री नभेटिने र भेटिएका मध्ये पनि कति जानकारी परस्पर विवादित रहने परिवृत्तमा पुराना ऐतिहासिक व्यक्तित्व र तिनका योगदानलाई सही रूपमा ठम्याई अनि शोधपरक इतिहासचेतना र स्वस्फूर्त साहित्यसृजनको आवेगका निकै रोमाञ्चक दोछायाका बीच यति सुरम्य ऐतिहासिक जीवनी लेख्नु चुनौतीपूर्ण कार्य हुँदै हो । इतिहासको गाह्रो र साँघुरो पथका बीचबाट आफ्नै गोरेटो खडा गरी थप परिमार्जित हुन पुगेको प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनीग्रन्थ बडो अथक मिहिनेतका साथ र पर्याप्त धैर्यपूर्वक अनि पर्याप्त शोधपरक र समीक्षकीय अन्तर्बौद्धिक दृष्टिसहित अनि उस्तै भावपूर्ण ललित गद्यात्मक प्रस्तुतिका आफ्नै निजायत वा नरेन्द्रीय छापको रोचक र मार्मिक सङ्कथन र सुकोमल गद्यशैलीको रुचिरतासहित लेखिएको एक सुपठनीय र विशेष सङ्ग्रहणीय ऐतिहासिक जीवनीग्रन्थ हुन पुगेको छ भन्ने म ठान्दछु ।

प्रतिष्ठित नव अग्रणी नेपाली जीवनीकार नरेन्द्रराज प्रसाईको 'नारीचुली'नामक जीवनीग्रन्थ २०६३ सालमा प्रकाशित भयो र नेपाली नारीस्रष्टाहरूसम्बन्धी उल्लेख्य जीवनीपरक आलेख भएको अभिनव कृतिका रूपमा यो विशेष चर्चित हुन पुगेको पनि हो र यस कृतिकी आदिनारीचुलीका रूपमा 'राजधर्म' नेपाली अनुवादग्रन्थकी सम्भावित रचनाकारका रूपमा अधिकतर नेपाली विद्वान्द्वारा मानिएकी रानी ललितत्रिपुरसुन्दरीको अग्र स्थानसमेत विशेष चर्चित प्रसङ्ग हुन पुग्यो । त्यहाँदेखि यी आदि नेपाली

नारीस्रष्टा चुलीका सम्बन्धमा थप सोधखोज गर्ने दिशामा सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाई विगत डेढ दशकको समयप्रवाहबीच बारम्बार अथक रूपमा लागिरहेको देखिन्छ । वास्तवमा प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नाउँको यो जीवनीकृति प्रस्तुत तेस्रो संस्करणसम्म आइपुग्दा स्रष्टा, समीक्षक र शोधकर्ताका त्रिवेणीका पाका वाङ्मयिक साधक प्रतिभा नरेन्द्रराज प्रसाईको रानी ललितत्रिपुरसुन्दरीसम्बन्धी अपेक्षाकृत विस्तृत भाष्यग्रन्थको रूप लिँदै अगि बढ्दो छ भन्ने मलाई लाग्दछ । यहाँ राजनीतिक र साहित्यिक इतिहासका दोछायाका परिवृत्तमा जीवनीरचनामा अपेक्षित प्रचुर सृजनशीलता तथा दीर्घ साधना र त्यसका प्रस्तुति र सङ्कथनको रम्य भावपूर्ण सीपको जुन सृजनात्मक सुयोग सिर्जित हुन आएको छ त्यो पढ्दा जति सुपठनीय छ आस्वादनका स्तरमा समेत उत्तिकै रोचक र प्रवाहमय एवं मर्मस्पर्शी पनि छ ।

**• महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी**

(नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी– २०७९, पृष्ठ– १४३–१४४,
सम्पादक– प्रा.डा.वीणा पौडचाल)

# नेपालले गर्व गर्ने 'नारीचुली'

नरेन्द्रराज प्रसाईको 'नारीचुली' पढेपछि प्रथमत: म नेपाली नारीका इतिहास कहाँबाट र कहिलेदेखि सुरु भयो ? भन्ने विषयमा पनि घोत्लिन पुगेँ । 'कुमारीपूजा'को पद्धति काठमाडौँ र भक्तपुरमा आज पनि जिउँदै छ । यो पूजानिम्ति अहिले कुमारीको चयन आज महायानी बौद्ध समुदायकी कन्यामध्येबाट गरिन्छ । चयनको त्यो पद्धतिको आधारबाट मात्र हेर्दा जीवित देवी कुमारीपूजा महायानी प्रथाको प्रारम्भदेखि सुरु भयो होला भन्नेहरू छन् । तर मेरो विचारअनुसार महायानी बौद्धहरूले भारतको 'सिन्धुसभ्यता' पहिले भारतमा समेत रहेको स्कन्दकार्तिकेयकालीन (अनुमानित इसापूर्व ४०००–६००० वर्षपहिलेको नव पाषाण युगको नारीप्रधान समाजसित) जोडिएको हुनैपर्छ । सिन्धुसभ्यताको विलयपछि मात्रिका पूजाको रूपमा सप्तमात्रिका, नवमात्रिका वा पचपन्न मात्रिकाको रूपमा भारतको महाराष्ट्रमा मात्रिका



**प्रथम संस्करण** : २०६३

आराधनाको रूपमा सिन्धुसभ्यताका निवासीहरूले लगेका थिए । महाराष्ट्रमा त्यो आराधनापद्धति पुग्यो भन्नुको अर्थ नेपालमा सिन्धुसभ्यता आफ्नै प्रकारले आइपुगेको होइन भन्ने पक्षमा म छैन । त्यसो किनभने सिन्धुसभ्यताकालीन योजनाबद्ध नगर निर्माणपद्धति नेपालको कान्तिपुर, भक्तपुर र कीर्तिपुरमा चल्तीमा रहेको थियो । सोबाहेक काठमाडौँका गुह्येश्वरीको पूजा र असनबाट इन्द्रचोक जाने बाटोको दाहिनेतिर रहेको मच्छेन्द्रनाथ मन्दिरको ढोकाको दाहिनेतिर अग्लो पादपीठमाथि रहेको ठूलो ढुङ्गाको नारीयोनिको पूजा, यता केही सय वर्षदेखि धातुको पत्रले छोपेर राखिएको तर वर्षभरिमा एक पटक पूजानिम्ति खोलिने कम्मरदेखि घुँडासम्मको बीचमा रहेको नारीयोनिको मूर्ति सिन्धुसभ्यताकालीन अवशेषका स्मारक चिह्न हो ।

प्राग्इतिहासकालीन यी पूजापद्धतिले नेपालमा नारीअस्मिताको बोध गराउँछन् । पुराणहरूमा रहेका नारीपूजाबारे नेपालमा पुरातात्त्विक अन्वेषणहरू भएका छैनन् भन्ने सत्य हो । त्यो अनुसन्धान भएको छैन भन्दैमा नारीअस्मिताको आराधनाको सो प्रागैतिहासिक कालदेखि नेपालमा रही आएकोलाई इन्कार नै गर्न मिल्दैन । ढुङ्गामा कुँदिएको लिङ्गलाई महादेव पशुपति आदि नाउँले आजसम्म पूजाआराधना गर्ने पद्धति सिन्धुसभ्यता (इ.पू. २७०० देखि इ.पू. १७५०)मा चलिआएको थियो, जो आजसम्म भारत र नेपालमा कायम छ । नारीप्रधान समाजको विघटन र पुरुषप्रधान समाजको उदयपछि देवदेवीका आराधनामा समेत परिवर्तन भयो । सत्य हो त्यो विघटनपछि पनि भारत र नेपालमा दुर्गा, भवानी, चण्डी, कालिका आदिआदि गैरसैन्धव आदिवासी जाति जनजातिबीच चलनचल्तीमा रहेको थियो । आज पनि आफ्नो ठाउँमा जीवित छ । (यस विषयमा 'दुर्गा सप्तशती'को आराधना उल्लेख्य छ, त्यो पूजालाई आफ्नो समयमा पुराणहरूले आफ्ना नयाँ व्याख्या गरेका छन्) ।

सप्तमात्रिका र पचपन्न मात्रिकाका पूजा सनातन धर्मावलम्बीहरूले आफ्ना विवाह र व्रतबन्धहरूमा समारोहको पूर्वाङ्गका रूपमा स्थापित 'ज्योति कोठा'मा आज पनि गरिरहेकै छन् ।

प्राग्इतिहासका यी कुराहरू आफ्ना ठाउँमा सम्मानित रहुन् । सिन्धुसभ्यताको विलयपछि वैदिक युगका चौबिसवटी नारीस्रष्टाहरूले आफ्ना सूक्त र मन्त्रहरूका दर्शन गरे । ती चौबिस नारीबारे मैले लेखिसकेको छु । त्यो नारी जेष्ठतालाई महाभारत, रामायण, उपनिषद् र पुराणहरूमा वर्णन गरिएका नारीहरूले अघि बढाए । यसबारे मेरो 'हाम्रा प्राचीन नारी'मा मैले संक्षेपमा उल्लेख गरेको थिएँ । त्यो पुस्तकमा छुट्न गएका नारीका नाउँ र नारीसम्बन्धी केही नयाँ अध्यायहरू थपेर (पुस्तकमा ७६० नारी परिचय थिए, तर अहिले लेखेर प्रकाशननिम्ति साझा प्रकाशनलाई संवत २०६३ को फागुनमा दिएको र पछि प्रकाशित मेरो 'श्री शाश्वत नारी'मा तिनै प्राचीन श्रोतबाट उल्लेख गरिएका झन्डै १५०० नारी) मैले नारीपरम्पराबारे उल्लेख गरेको थिएँ ।

प्रागैतिहासिक कालदेखिको नारी श्रेष्ठताको उच्च परम्परालाई कायम राख्तै शाक्यकालीन शुद्धोधनकी पत्नी मायादेवीले सिद्धार्थ गौतमलाई आफ्नो कोखबाट अवतरित गराइन् (इ.पू. छैटौँ शताब्दीमा) र सिद्धार्थ गौतमपत्नी यशोधराले छोरो राहुललाई यो संसारमा ल्याइन् । यी नारीहरूले शब्दशास्त्र र भाषाविज्ञानका अध्ययन गरेका थिएनन् । स्वयम् गौतम बुद्धबारे तिनको अवसानको तीन शताब्दीपछिदेखि मात्र विद्वान्हरूले पाली भाषामा बृहत् ग्रन्थहरू लेखे ।

नेपालमा श्रेष्ठ र चर्चित नारी नाम 'नारीचुली'को प्रारम्भ भारतको प्रथम मगधसम्राट् महाराजाधिराज चन्द्रगुप्त प्रथमकी महाराज्ञी कुमारदेवी, नेपालको लिच्छवी समुदायकी छोरीबाट सुरु हुन्छ । चन्द्रगुप्त प्रथमको स्वर्णमुद्रामा महाराजाधिराज र कुमारदेवीका

चित्राङ्कन छन् । मुद्राको दोस्रोपट्टि सिंहवाहिनी देवीको मूर्ति छ । यो मुद्राले नै पनि कुमारदेवीको उच्च श्रेष्ठता प्रमाणित गरेको छ । त्यस्तै नेपालका लिच्छवी राजा अंशुवर्माका भानिज भोग वर्मनकी छोरी वत्सदेवी नेपाली लिच्छवी राजा शिवदेवकी रानी भइन् ।

राजा अंशुवर्माले आफ्ना राजकुमारी भृकुटीको विवाह तिब्बतका सम्राट् सङ् चन गम्पोसँग गरिदिए । भृकुटी अवश्य नै अति सुन्दरी थिइन् । तर तिनको महत्ता सौन्दर्यले भन्दा पनि आफूसँगै तिनीले तिब्बतमा बौद्ध धर्मको प्रवेश गराएकी थिइन् । त्यो सत्प्रयासमा चीनकी राजकुमारी वेचिङको सहयोग रह्यो । त्यसरी नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा आफूले दह्रो खम्बाको रूपमा काम गर्न सफल भएकी भृकुटीलाई उत्तम नारीचुलीमा राख्नैपर्छ भन्ने म ठान्छु ।

नारीको संरक्षण र तिनले गर्ने संवर्धनबेगर देश र समुदायका संस्कृतिको सुरक्षा र विकास सम्भव हुँदैन । ती नारीमा लिपिका ज्ञान र भाषाशास्त्रका विद्वता होओस् वा नहोओस्, आफ्ना शिशु बालबालिकालाई तिनकी माताले नै व्यावहारिक शिक्षादीक्षा दिइरहेका हुन्छन् । त्यसैले गर्दा महाभारतमा कृष्णद्वैपायन व्यासले स्वर्गमा गएका युधिष्ठिरले स्वर्गलाई नाघेर स्वर्गभन्दा ठूलो भएर बसेकी अवसानप्राप्त द्रौपदीलाई इन्द्रको मुखबाट 'यिनी त श्रीरूप थिइन्' भनेका थिए । यी कुराहरूबारे यहाँ उल्लेख गर्नुको मूल अर्थ नेपालका नारीस्रष्टामा सम्झना गर्नु हो ।

नेपाली साहित्यमा जीवनी लेख्नेमा नाउँ कमाएका नरेन्द्रराज प्रसाईले संवत् १८५० मा जन्मिएकी ललितत्रिपुरसुन्दरीदेखि सीता पाण्डेसम्म जम्मा ५२ जना नेपाली नारीका जीवनपरिचय लेखेका छन् । 'नारीचुली'नामक सो पुस्तक नइ प्रकाशनले प्रकाशित गरेको छ । पुस्तक नछापिएका सुप्रसिद्ध नारीस्रष्टासमेत गरी जम्मा २२४ को संक्षिप्त परिचय गरी ५३५ पृष्ठको पुस्तकको मूल्य एक हजार

रुपियाँ भए तापनि पुस्तक भने सङ्ग्रहणीय र पठनयोग्य छ। साजसज्जाको दृष्टिले पनि 'नारीचुली' जति आकर्षक छ पठनीयको सन्दर्भमा त्यति नै महत्त्वपूर्ण छ। तथापि यी परिचय जीवनी लेखनभन्दा पनि सामान्य परिचय लेखिएका छन्।

नेपाली साहित्यमा जीवनीलेखनको अनिकाल परेको अवस्थामा नरेन्द्रराज प्रसाईले जीवनी साहित्यलाई मुख्य प्राथमिकता दिएका छन्। प्रसाईले जीवनी लेखनशैलीलाई आधुनिक ढाँचाले उभ्याएका छन्। उनको जीवनीलेखन सिद्धान्तले मान्छेको सोझो जीवनचित्र छर्लङ्ग्याउनुका साथै वैज्ञानिक पद्धतिको गुरुत्तर दैलो पनि उघारेको पाइन्छ।

यौनजीवनको आधारमा नारीबारे दृष्टिकोण बनाउने आधारशास्त्रबाट आज पनि नेपालका बहुसङ्ख्यक जनता ग्रस्त छन्, भलै तिनीहरू सो आफ्नो मनोभावबारे न लेख्छन् न प्रस्ट बोल्छन्। यो मनोदशाबाट नरेन्द्रराज प्रसाई पूर्णतया मुक्त छन्। मौलिक शिक्षा दिने र यसो गर्नुपर्छ वा यसो गर्नु हुँदैन भन्ने आचार संहिताको पाठ पढाउने कामद्वारा नै नारीचुलीको पहिचान हुन्छ। सो कार्यका लागि यो पुस्तकमा चिनारीको विवरण दिइएका सम्पूर्ण नारीप्रतिको मर्यादालाई सहर्ष प्रकट गरिएको छ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'नारीचुली' नेपाली भाषासाहित्यको जीवनीफाँटमा उल्लेखनीय ग्रन्थका रूपमा प्रस्तुत भएको छ। हुन पनि आजको नेपालको सङ्कीर्ण राजनीतिक परिवेशमा नरेन्द्रराज प्रसाईबाहेक अरू कसैले पनि यस्तो प्रशंसनीय रूपको 'नारीचुली' यति सजिलै लेख्न सक्छन् जस्तो मलाई लाग्दैन। आजको नेपालमा लेखकहरू पनि प्राय: राजनीतिक वादको फेटा गुँथेर हिँडेको पाइन थालेको छ। यो प्रवृत्तिले समग्र साहित्यको विकासलाई अपाङ्ग पार्दछ। त्यसैले 'नारीचुली'जस्तो नेपाली नारी साहित्यकारको समग्र नालीबेली भएको कृति जोसुकैले हत्तपत्त लेख्न सकिने कुरो हो जस्तो

मलाई लाग्दैन । यस्तो कृति लेख्न लेखकले राजनीतिक निराकारको तपस्या गर्नै पर्छ । प्रसाईले व्यक्तिगत रूपमा जुनसुकै राजनीतिक सिद्धान्तलाई समाए पनि उनले 'नारीचुली'भित्र जुनसुकै राजनीतिक विचारक स्रष्टालाई पनि अत्यन्तै मर्यादाका साथ प्रस्तुत गरेका छन् । वास्तवमा यही नै 'नारीचुली'का लेखकको विशेषता पनि हुन पुगेको छ । नेपालभित्र र बाहिरका जुनसुकै स्रष्टासँग पनि प्रसाई निर्लिप्त भएर डुबेको साक्षात् प्रमाण 'नारीचुली'मा भेटिन्छ । त्यसैले यस कृतिको थप महत्त्व बढेको छ । यसर्थ नेपाली साहित्यको जीवनीविधाको महत्त्वपूर्ण ग्रन्थका रूपमा 'नारीचुली'ले आफ्नो स्थान सुरक्षित बनाइसकेको छ भन्नु अत्युक्ति नहोला ।

• **१० साउन, २०६५**

• • •

## समालोचकका दृष्टिमा 'नारीचुली'

जगदीशशमशेरले अङ्ग्रेजीमा 'नारीचुली'को अनुवाद गर्दै हुनुहुन्छ भन्ने गाइँगुइँ पनि नचलेको होइन, चलेकै हो राम्रैसित, मज्जैसित । नरेन्द्रराज प्रसाईको घनिष्ठता र विश्वासिलोपनको मीठो उपहार हो कि भनी ठानेँ । तर मनमा च्वास्स बिझिहाल्यो– किताबको आवरणमा लेखिएको JAGADISH RANA अक्षरले । कहीँ राणाले प्रसाईलाई लात हान्न त पुग्नु भएन भन्ने कुराले मलाई शङ्काको दुनियाँमा पुऱ्याइहाल्यो । इरेज गर्ने परम्परा अर्थात् अरूको नामनिसानालाई धूलोमा मेटाउने अभियानमा लागेकाहरूको ताँती पनि त कम छैन यहाँ । लोभी र पापीको दुनियाँ– अरूको बालीमा रजाइँ गर्दाको आनन्द पनि त बेग्लै हुने नै भयो । Hard Cover– लोभलाग्दो रातो रङको मोटो किताब । पछाडि फर्काएपछिको The Auther भनेर परिचयको साथै जगदीशशमशेरको तस्बिर । बुझिहालेँ– राणाले आफूलाई मौलिक लेखकको रूपमा चिनाउन खोज्नुभएको रहेछ– अनुवादक भनेर होइन ।

मूल रूपमा काम गर्दै आएको व्यक्तिको जोसलाई जगदीश राणाले ढाल्ने काम नगरिदिएको भए हुन्थ्यो । पाँच वर्षअघि 'नारीचुली'को विमोचन समारोहमा विशिष्ट अतिथिको रूपमा भव्यसाथ सम्मान पाउनुभएको

जगदीशशमशेरको भाषण पनि सुनेकै थिएँ । भव्यतासाथ सम्पन्न भएको बौद्धिक जमघटमा जगदीशशमशेरले भन्नुभएको थियो– 'नारीचुलीबापत नरेन्द्रराज प्रसाईलाई एउटा मात्र होइन दसवटा पिएचडी दिए हुन्छ ।'

'नारीचुली'को प्रचारको कुरै नगरूँ– हारालुछ थियो किताबको । मैले समेत पाँच सय रुपियाँमा किताब किनेको थिएँ, पढ्न नपाइएला भनेर । नारीचुलीको तारिफले सीमा नाघेको थियो– यस कृतिलाई बिबिसीको समाचारले समेत राम्ररी ठाउँ दिएको थियो ।

**• पुष्कर लोहनी**

('नारीचुलीका लेखक प्रसाई हुन् या राणा ?' 'नेपाल समाचारपत्र' २०६७ चैत १९ गते)

# पारिजातको जीवनकथा

दार्जिलिङ (भारत)को पर्वतीय चियाबगैँचाको एउटा रमणीय पृष्ठभूमिमा जन्मिएकी (सं. १९९४ वैशाख) विष्णुकुमारी वाइवा नामकी बालिकाले 'पारिजात'को उपनामबाट कलम चलाउँदै आफूलाई नेपाली साहित्यको उल्लेख्य हस्तीमा परिणत गरेर संवत् २०५० वैशाख ५ गते जीवनबाट बिदा लिइन् ।



**प्रथम संस्करण** : २०५७
**चौथो संस्करण** : २०८०

संवत् २०२२ सालको चैतको कुनै शनिबार शङ्कर लामिछानेलगायत हामी ६ जना साँझको रमझमनिम्ति कमलपोखरीमा भैरवबहादुर थापाको डेरामा जम्मा भयौँ । कुराकानीभन्दा बढी हाम्रा ती रमझममा गफ हुने गर्थ्यो । अथवा भनौँ डुगबहिलको एउटा घरबाट किनेर ल्याएको दालचिनीको बास्ना आउने, सस्तो रातो रक्सी खाँदै हाम्रा बीच हलुका गफ र गम्भीर कुराकानी दुवै हुने गर्थे । त्यो दिन शङ्कर लामिछानेले 'बहिनी

पारिजातको 'शिरीषको फूल' भन्ने उपन्यास र त्यसमा रहेको मेरो भूमिकालाई तपाईंहरूले पढ्नुभयो ?' भनी गफलाई गम्भीर कुराकानीतिर मोड्नुभयो । हामी कसैले पढेका थिएनौँ । 'कस्तो छ त्यो उपन्यास, भूमिकामा तपाईंले के लेख्नुभएको छ ?' शङ्करमणि पौडेलले सोध्नुभयो ।

आफ्नो ज्ञान नभएको विषय उठ्दा ध्यान दिएर सुन्ने तर आफूले भरसक नबोल्ने मेरो बानी अझैसम्म ज्यूँका त्यूँ छ । शङ्कर लामिछानेले पारिजात र 'शिरीषको फूल'बारे भन्दा पनि आफूले लेखेको भूमिकाबारे निकै महत्त्व दिएर बीस मिनेटजति लामो बखान गर्नुभयो । त्यस्तो आत्मश्लाघा मलाई मन पर्दैन तथापि 'शिरीषको फूल' मैले पढ्नैपर्छ भन्ने निर्णय गरेँ । दास्रो दिन त्यो पुस्तक किनेर ल्याई पहिले उपन्यास अनि भूमिका आद्योपान्त पढेँ । उपन्यासप्रति भन्दा पनि भूमिकाले आफूप्रति बढी न्याय गर्न खोजेको छ भन्ने मलाई लाग्यो । मेरो पत्रिका 'समीक्षा'को त्यो दिनपछिको अङ्कको प्रथम पृष्ठमा त्यस प्रकारको निकै नै उच्चस्तरीय उपन्यास प्रकाशित भएको बारे समाचार लेखेर पत्रिकाको तेस्रो पृष्ठमा 'शिरीषको फूल'सम्बन्धी लामो 'पुस्तक परिचय' लेख्ने काम मैले सम्पन्न गरेँ । उच्चकोटिको पुस्तक प्रकाशित हुनुलाई अझै पनि समाचारपत्रमा ठाउँ पाउनुपर्ने राष्ट्रिय समाचार ठान्छु । 'तपाईंले दिएको त्यो समाचारले गर्दा पनि 'शिरीषको फूल'को पहिलो संस्करण चाँडै पूरै बिक्री भएको हो भन्ने मलाई लाग्छ' भनी वर्षदिनपछि उहाँसित मेरो पहिलो भेट र कुराकानीको क्रममा पारिजातले मलाई भन्नुभएको म सम्झिन्छु । त्यो उपन्यासले सं. २०२३ मा मदन पुरस्कार पाउँदाको समारोहमा म श्रीदरबारमा उपस्थित थिएँ तर हाम्रा बीच कुनै कुराकानी भएका थिएनन् ।

समय बित्दै गयो । केन्द्रमा पारिजात रहनुभएकी 'राल्फा' अध्याय काठमाडौँमा सुरु भएर सांस्कृतिक क्षेत्रमा व्यापक तवरमा चर्चित हुन थाल्यो । 'राल्फा' अनि 'शिरीषको फूल' तथा दुवैकी केन्द्रीय व्यक्तित्व पारिजातबारे 'समीक्षा'ले आफ्ना पाठकहरूलाई बताउनुपर्छ भन्नेप्रति म आकर्षित हुँदै गएँ । यस विषयमा अरविन्दनाथ रिमाल र मेरा बीच दुई पटक कुराकानी भए । रिमालले पारिजातको डेरा पत्ता लगाउनुभयो । पुतलीसडकको आनन्दकुमार (वैद्य)को छेडोबाट अझ अगाडि पश्चिममा रहेको घरको भुइँतलामा ती लेखिकालाई भेट्न हामी दुवै जना गयौँ । त्यो कोठामा अन्य तीन युवक पनि थिए ।

साँझ चार बजे पारिजातसितको त्यो भेटवार्ता हामी दुई जना निम्ति सुपाच्य भएन । पैँतालिस मिनेटजति कुराकानी गरेर हामी दुवैले पारिजातसित बिदा लिएर हिँडेका थियौँ ।

त्यो दिन हामीले उहाँसित के कुरा गरेका थियौँ ? वार्ताको सारसंक्षेप–

'राल्फाको अर्थ के हो ? यो शब्दको उच्चारण मात्र छ त्यसमा कुनै अर्थ छैन रे !'

'त्यो पनि हुन्छ र अर्थरहित शब्द ?'

'हुँदो रहेछ नत्र काठमाडौँमा यति व्यापक चर्चा किन भएको रे !'

'राल्फा हुन के गर्नुपर्छ ?'

'आफू सर्वाङ्ग नाङ्गो हुन सक्नुपर्छ, विचार र कुण्ठारहित निर्वाण नाङ्गो रे !'

'निर्वाण नाङ्गो भनेको ?'

'शरीरमा वस्त्ररहितसमेत हुनु रे !'

'तपाईंसामु म कसरी त्यस्तो नाङ्गो हुने ?' मैले सोधेको थिएँ ।

'त्यसो भए तपाईं राल्फा हुन कहिल्यै सक्नुहुने छैन' –पारिजातबाट जबाफ पाएको थिएँ ।

आचारसंहिता र मर्यादारहित भएर नारीसामुसमेत निर्वाण नाङ्गो हुने राल्फा आह्वानमा हामीले अश्लीलताको छाप रहेको अनुभव गर्दै 'यो त अराजकतावादको प्रतिवादन हो' भन्ने चर्चा गर्दै रिमाल र म त्यो छेडोबाट निस्किएर घर आयौँ ।

'शिरीषको फूल'मा भने त्यस्तो राल्फा थिएन । पहिलो वाक्यदेखि अन्तिम वाक्यसम्म आद्योपान्त काव्यात्मकता, लालित्य र कोमल मानवीय चरित्रको अनुशासित प्रस्तुति रहेको तर निस्सारतावादी र शून्यवादी दार्शनिक विचार आधारित 'शिरीषको फूल'को उल्टो दिशामा 'राल्फा' अभिप्रेरित रहेको मैले ठहर गरेँ ।

'शिरीषको फूल'मा प्रस्तुत दर्शन पारिजातको विकलाङ्ग शारीरिक स्थितिबाट जन्मिएको थियो भन्ने म ठान्छु । विचित्रका कुण्ठाग्रस्त यौन मनोरोगले उहाँलाई राल्फामा पुऱ्यायो ।

अति संवेदनशील, उच्च सिर्जनशील र सौन्दर्यचेतनाले ओतप्रोत लेखकहरूमा यस्ता विकार देखा पर्ने गर्छन् । कालान्तरमा लेखकहरू यस्ता विकारमाथि विजय पनि पाउने गर्छन् । परन्तु पारिजातमा सिर्जनशीलताको विस्फोट हुँदाको नेपाली युग श्री ५ महेन्द्रको दलविहीनताको राज्यव्यवस्थामाथि आरुढ हुन पुगेको पञ्च अधिनायकवादजनित अति नैराश्यको अध्याय थियो । त्यस बेला नेपालको वाम आन्दोलन, विभाजित, असङ्गठित, व्यक्तिवादी, दार्शनिक अनुशासनरहित तर दिशाविहीन तवरमा विद्रोही हुँदै गएको थियो । व्यवस्थित सामाजिक राजनीतिक दर्शनसित अपरिचित तर उपर्युक्त दिशाविहीनताद्वारा ग्रस्त केही नेपाली युवकका सम्पर्कमा 'राल्फा'को माध्यमद्वारा सम्पर्कमा रहेकी

पारिजातले आफ्नो निस्सारता शून्यवादी दर्शनलाई सच्याउने प्रयास गर्दा स्वयम् विकलाङ्ग रहेको नेपाली वाम साहित्यिक आन्दोलनको सहयोगी बन्न पुग्नुभयो । उहाँका दुई उपन्यास 'महत्ताहीन' (२०२५) र 'बैँसको मान्छे' (२०२९) मा सिर्जनशीलताको ह्रास मात्र देखिएन कि 'शिरीषको फूल'मा रहेको काव्यात्मकता, लालित्य र सौन्दर्यबोधमा समेत ह्रास बढ्दै गयो । नेपालको उज्यालो साहित्याकाशको प्रोज्ज्वल तारा पृथिवीबाट प्रकाशवर्षको गतिवेगसाथ क्रमश: प्रकाशवर्षको दूरीतिर अघि बढ्दै राष्ट्रिय विभूतिबाट वाम साहित्यिक आन्दोलनप्रति क्रियाशील साहित्यिक केन्द्रमा परिणत हुँदै गयो ।

गान्तोकबाट फर्किएको दोस्रो दिन १७ असोज २०५७ मा मेरा मित्र नरेन्द्रराज प्रसाईले आफ्नो नयाँ पुस्तक 'पारिजातको जीवनकथा' मेरा निम्ति पठाइदिनुभयो । २१ असोज बिहान मलाई विजयादशमीको शुभकामना दिँदै प्रसाईले उक्त पुस्तक मैले पढे कि भनी सोध्नुभयो । टेलिफोनमा लामै कुराकानी भयो । मैले पुस्तक पढिसकेको थिएँ ।

नेपाली वाङ्मयमा अझै पनि जीवनी विधाको ठूलो अभाव छ । रोजिएका व्यक्तिहरूबारे तिनका केही पक्षलाई लिएर लेखकहरूद्वारा लेखिएका लेखहरूका सङ्कलन रहेका मोटामोटा पुस्तकहरू प्रकाशित गरिएका छन् । लेखहरूका सङ्ग्रहलाई सम्बन्धित व्यक्तिको जीवनी भन्न मिल्दैन । तर १०६ पृष्ठको सानै भए पनि नरेन्द्रराज प्रसाईले पारिजातको संक्षिप्त जीवनी लेखेर प्रकाशित गर्नुभयो । यो पुस्तक उहाँको सराहनीय उपलब्धि हो । निकै नै बाँझो रहिआएको क्षेत्रमा यो नयाँ अवधिमा प्रसाईले नयाँ र राम्रो उपलब्धि गर्नुभयो ।

आआफ्ना क्षेत्रमा काम गर्दै राष्ट्रको निर्माण गर्ने र राष्ट्रनिर्माणमा सहयोग गर्ने व्यक्तिहरूका जीवनी लेख्ने काम नेपालमा प्राय: भएको

छैन । केही व्यक्तिले स्वजीवनी लेखेका छन् तर आजको आवश्यकता हो राष्ट्रनिर्माणमा सहयोग गरेका, सहभागितामा रहेका व्यक्तिहरूका पूर्णाङ्ग जीवनी लेख्नु । यो विधामा नेपाली वाङ्मय अझै पनि दरिद्र छ ।

राष्ट्रनिर्माण प्रक्रिया सर्वाङ्गीण प्रकृतिको हुन्छ । त्यो प्रक्रियामा व्यक्तिहरू आआफ्ना क्षेत्रबाट आफ्ना क्षमतानुसार काम गर्दै योगदान गरिरहेका हुन्छन् । राष्ट्रनिर्माण एउटा सग्लो प्रक्रिया हो जसलाई कुनै एक्लो व्यक्तिले सम्पूर्णतासाथ योगदान गर्नु सम्भव हुँदैन । उदाहरणनिम्ति जहानियाँ शासनलाई अन्त्य गर्ने र फेरि देशमा प्रजातन्त्रको पुन:स्थापना गर्ने कार्यमा नेतृत्व प्रदान गर्ने काम विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहले गर्नुभएजस्तै इतिहास लेख्ने काम बाबुराम आचार्यले र आफ्नो क्षेत्रमा नयराज पन्त अथवा लैनसिंह बाङ्देल वा त्यस्तै कविता क्षेत्रमा माधव घिमिरे र केदारमान व्यथितले गर्नुभयो । आआफ्नो क्षेत्रमा समाज र समयसापेक्ष रही उहाँहरूले योगदान गर्दै जाँदा आफ्ना क्षेत्रमा उहाँहरूले देशको इतिहास पनि तर परोक्ष परन्तु महत्त्वपूर्ण तवरमा अभिलिखित गर्दै जानुभयो । त्यस्ता व्यक्तिहरू राष्ट्रनिर्माण कार्यका सहभागी हुन् । अत: राष्ट्रिय परिचयका स्तम्भहरू हुन् । त्यस्ता व्यक्तिहरूका जीवनी लेख्नु भनेको मुलुकको इतिहास लेख्नु हो ।

यता केही वर्षदेखि त्यस्ता व्यक्तिहरूका जीवनी लेख्ने र लेखाउने कामप्रति मैले निकै मित्रहरूसित कुराकानी गर्ने गरेको छु । अहिले पारिजातको जीवनी लेखिएको देख्ता मित्र नरेन्द्रराज प्रसाईप्रति ममा सन्तोष, सम्मान र अनुमोदनका भाव बढ्नु स्वाभाविक थियो । त्यसै कारण मैले उहाँको प्रशंसा गरेको हुँ ।

'पारिजातको जीवनकथा'लाई नेपाली साहित्यको जीवनी लेखनको प्रारम्भ भन्नुपर्छ । यो पूर्णाङ्ग कृति भने होइन । पारिजातले

जीवनलाई बेहोर्दै सिर्जनशील कार्य गर्दै जाँदा नेपाली सामाजिक इतिहासको निरन्तर परिवर्तनशील चरणहरूमा कुनकुन अवस्थालाई बेहोर्नुपर्‍यो, राष्ट्रमा भएका परिवर्तनले उहाँका केकस्ता प्रभाव परे, ती प्रभाव उहाँका कृतिहरूमा कसरी परिलक्षित भए भन्ने कुराहरूबारे यो ग्राह्य, प्रशंसनीय र अनुमोदनयोग्य छ ।

मित्र नरेन्द्रराज प्रसाईमा फेरि पनि मेरो साधुवाद छ ।

• **'कान्तिपुर', २०५७ कात्तिक १२ शनिबार**

• • •

## समालोचकका दृष्टिमा 'पारिजातको जीवनकथा'

पारिजातको जीवनकथा नेपाली जीवनी साहित्य परम्पराको पछिल्लो र अग्लो धुरी हो भन्ने कुरा प्रस्तुत कृतिको अध्ययन सन्दर्भमा पुष्टि हुन आउँछ । लेखक प्रसाईले स्रष्टा पारिजातको निधन भएताका एउटा सर्वेक्षणात्मक निष्कर्ष 'प्रकाश' पत्रिकामार्फत दिएका थिए । त्यो के थियो भने नेपाली साहित्यका सबैभन्दा बढी पढिने स्रष्टा देवकोटा हुन् र त्यसपछिको नाम पारिजात हो । त्यसैले पारिजातको उपर्युक्त जीवनकथा उल्लेखनीय रहेको छ । मोतीराम भट्टले लेखेको 'भानुभक्तको जीवनचरित्र'बाट आरम्भ भएको यस किसिमको लेखन नेपालीमा त्यति गतिशील बन्न सकेको छैन । नित्यराज पाण्डेद्वारा लिखित 'महाकवि देवकोटा'ले केही थप इँटा जोडे पनि जीवनीले साहित्यिक र सिर्जनात्मक रूप अझै पनि प्राप्त गर्न सकेको छैन । प्रसाईले लेखेको लैनसिंह बाङ्देलको जीवनकथामा केन्द्रित कृति 'बाङ्देलको जीवनयात्रा' (२०५९) र जयराज आचार्यले लेखेको 'यदुनाथको जीवनचरित्र'ले जीवनचरित्रको सिर्जनात्मक लेखनको उल्लेख्य प्रयत्न प्रस्तुत गरेका छन् । त्यस्तै त्रिभुवन विश्वविद्यालयको नेपाली स्नातकोत्तर तहमा शोधपत्र लेख्ने विद्यार्थीहरूले विभिन्न प्रतिभाका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने परम्परा चलेको छ । त्यस किसिमको लेखनबाट जीवनी साहित्य लेखनको परम्परालाई निकै सहयोग पुऱ्याउने स्थिति त छँदै छ । थप प्रसाईद्वारा लिखित पारिजातको जीवनकथाको नमुनामा आधारित भएर लेखन प्रकाशन गर्ने हो भने जीवनी साहित्य अत्यन्त वैज्ञानिक, समृद्ध र फलदायी हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

पारिजातको जीवनकथामा नरेन्द्रराज प्रसाईको निबन्धलेखक र समालोचक व्यक्तित्वको प्रभाव परेको छ । प्रस्तुत कृतिमा निबन्धात्मक कला एकातिर मुखर भएको र त्यसले कृतिलाई सिर्जनात्मक रङ्ग र शिल्प प्रदान गरेको छ भने समालोचकीय कला अर्कातिर मुखर भएको छ । लेखनमा यसले मूल्याङ्कनमूलक रङ्ग र शिल्प प्रदान गरेको छ । यस्ता तत्त्वलाई निर्णयात्मक तथा भावात्मक भाषिक कलाको संयोजनले उच्च मर्यादा प्रदान गरेको हुन्छ ।

**• प्रा.राजेन्द्र सुवेदी**

(नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण– २०७३, पृष्ठ– २०६–२०७)

# जीवनीलेखनको सफल नमुना
# लैनसिंह बाङ्देल

निकै वर्षपहिलेको कुरो हो । वीर अस्पतालको प्राङ्गणमा भेट हुँदा नीलाम्बर आचार्यले अनायास सोध्नुभयो– 'देश ठूलो कि मानिस ठूलो ?' एक सातापछिको आफ्नो लेखमा त्यो पक्षबारे मैले आफ्नो धारणा प्रकट गरेको थिएँ । अझै पनि त्यो प्रश्न बारम्बार मेरो सामु जीवित भएर उभिने गर्छ ।



**प्रथम संस्करण** : २०५९
**दोस्रो संस्करण** : २०६३

यो ज्ञात ब्रह्माण्डमा आजसम्म मानिस नै प्रकाण्ड सचेत आदितत्त्वको रूपमा देखा परेको छ । तथापि र त्यसै कारणले मानिसलाई पूर्णतया चिन्नु सम्भव छैन । अरूले त के मानिसले स्वयम् आफैँलाई चिन्दैन, न बुझ्दछ नै । यो अन्तिम कथनको विशाल व्याख्या गर्न सकिन्छ तर त्यसो गर्नु यो लेखनिम्ति आवश्यक छैन । के मात्र भन्नु पर्याप्त हो भने केही विचित्रका र गैरमानवीय चरित्रका व्यक्तिहरूबाहेक यो भूमण्डलका

प्रत्येक नरनारी आफ्नै विशाल परिचय र व्यक्तित्वयुक्त, उत्तिकै श्रेष्ठ, ज्ञानी र स्रष्टा रहने गर्छन्; जो मानव हुनुकै मूल चरित्र हो । त्यस्ताहरू चर्चित नहुनु, तिनका परिचय र जीवनी नलेखिनुले तिनीहरू कदापि साना ठहरिँदैनन् । मेरो यो कोठामा रहेका पद्महस्ता लक्ष्मीको यो सौम्यातिसौम्य मूर्तिको सृष्टिकर्ता पन्ध्र सय वर्षपहिले काठमाडौँ वा पाटनको कुन निरक्षर कलाकार थियो ? त्यो व्यक्तिबारे कसैमा रौँ प्रमाण पनि ज्ञान छैन भन्दैमा त्यसको उच्चतम व्यक्तित्वप्रति कुनै प्रश्न पनि उठ्न सक्दैन । त्यस्तै, भनौँ ठिमीको मलिलो खेतमा वर्षैभरि परिश्रम गरी वर्षमा छ बाली सुस्वादु खाद्यवस्तु उत्पादन गरी समाजलाई भोजन दिने त्यो अज्ञात नाउँगोत्रको किसान र त्यसको परिवार तथा त्यो परिवारको पुस्तैनी इतिहास अविज्ञात छ भन्दैमा त्यो किसानको राष्ट्रिय व्यक्तित्वलाई न्यून मूल्याङ्कनमा थन्क्याउन सकिन्न ।

संसारका प्रत्येक मानिसका इतिहास र सृजनशीलता यस्तै हुन्छन्, तिनकै सामूहिक श्रम र काँधमाथि मानव हुनुको गरिमा अडेको हुन्छ ।

नेपाली ललितकला, साहित्य, मूर्तिकला अर्थात् सौन्दर्य चेतनाको नेपाली संसारमा लैनसिंह बाङ्देल त्यस्तै एक उच्च नेपाली थिए– जसले आफ्नो जीवनको ठूलो अंशलाई यो देशको सौन्दर्यचेत र सोको सृष्टि र संवर्धन गर्ने कार्यमा समर्पित गरे । त्यस अर्थमा तिनी आफ्नै प्रकारले त्यो अवधिनिम्ति देशभन्दा ठूला भए । यस्ता अन्य उस्तै ठूला नेपालीहरूका उचाइ र आयामलाई कुनै पनि प्रकारले अवमूल्यन नगरीकनै ।

लैनसिंह बाङ्देलसित मेरो पहिलो परिचय सं. २०३७ मा भएको थियो । केदारमान व्यथितले मेरो उपन्यास प्रकाशित गर्न नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति लैनसिंह बाङ्देलसित आफैँ गएर अनुरोध गर्नु बेस होला भनी मलाई सल्लाह दिनुभयो ।

सोअनुसार नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा गएर बाङ्देललाई मैले आफ्नो उपन्यास 'माधवी'को छोटकरीमा विवरण बताएर पन्ध्र पृष्ठजति पढेर सुनाएँ पनि । तर त्यति मोटो पुस्तक छाप्न नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको आर्थिक स्थितिले नभ्याउने कुरा उहाँबाट बुझेपछि म फर्किएको थिएँ ।

आफ्नै एकान्तिक संसारको मानिस म । बाङ्देलसित त्यो छोटो भेटघाटपछि विशेष परिचय वा घनिष्ठता बढेन । हुन त उहाँबारे मित्रहरूबाट म बरोबर कुराहरू सुन्ने गर्थें । चाँगुनारायणको विशेष तथा प्राचीन कालदेखि यथावत् सङ्ग्रह थुपार्दै आएको मन्दिरको भण्डारमा अलभ्य वस्तुहरू छन् तर बाङ्देल विधर्मी भएकाले उहाँलाई ती वस्तुहरूको अवलोकन र अध्ययन गर्न नदिएर त्यस बेला ठीक काम गरिएको थियो भनी निक्कै पहिले आफूलाई विशेषज्ञ भन्ने एक जनाले मलाई भनेका थिए । त्यो भनाइ त्यसै बेला पनि सरासर पूर्वाग्रह प्रेरित रहेको मैले बुझेको थिएँ ।

नेपालको प्राचीन र अति प्राचीन मूर्तिकलाका सम्बन्धमा बाङ्देलमा निकै भरपर्दो र सहायताकारी ज्ञान थियो भन्ने कुरा बाङ्देलका त्यो क्षेत्रसित सम्बन्धित अध्ययनपूर्ण लेख र प्रकाशनहरूबाट प्रस्ट भइसकेको छ ।

लैनसिंह बाङ्देलको अवसान भएको अब पूरा एक वर्ष हुन थाल्यो । उहाँको त्यो असामयिक निधनले नेपाल राष्ट्रलाई गम्भीर क्षति भएको छ भन्ने प्रस्ट छ । युवा लेखक नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'बाङ्देलको जीवनयात्रा'नामक जीवनीपरक पुस्तक पढ्ने कसैले पनि लैनसिंह बाङ्देलद्वारा भएको नेपालको देशभक्तिपूर्ण सेवाबारे प्रस्टतासाथ ज्ञान पाउनेछन् । जीवित रहँदा नै बाङ्देलले उक्त पुस्तकको पूरै पाण्डुलिपि पढेर आफैँले उचित प्रशंसा गर्नुभएको थियो तथापि पुस्तकको प्रकाशनलाई भने उहाँको जीवनले पर्खिएन ।

नरेन्द्रराज प्रसाईले लेखेको सम्भवत: यो दोस्रो जीवनीपरक पुस्तक हो । पारिजातको जीवनीबारे पहिले पनि उहाँले लेखेको पुस्तक प्रकाशित भइसकेको छ ।

नेपाली वाङ्मयमा जीवनी लेख्ने विधाको अपेक्षाकृत अभाव रहने गरेको थियो । संवत् २००७ पछि दुई व्यक्तिका जीवनीबारे दुईवटा पुस्तक लेखेर छपाउनेमा प्रसाईं नै पहिलो लेखक हुनुहुन्छ । व्यक्तिको कृतित्व र व्यक्तित्वबारे विभिन्न लेखकहरूका लेखहरूका सङ्ग्रह गरी सङ्कलन छाप्ने काम भने हुने गरेका थिए । प्रसाईको यो पुस्तक भने बाङ्देलका दैनन्दिनी, पत्रसङ्ग्रह, दार्जिलिङमा रहेका बाङ्देलसित परिचितहरूसित सम्पर्कमा तथा बाङ्देलसित वर्षौंसम्म बसउठ, भेटघाट तथा वार्तामा आधारित रहेको देखा पर्छ । यी कारणले गर्दा पुस्तकमा उपयोग गरिएका सूचनाहरूका स्रोत त्यसरी भरपर्दा रहेका हुँदा यो पुस्तकले बाङ्देलको जीवनयात्राको सम्बन्धमा आधिकारिक भन्न सकिने विचारहरू प्रस्तुत गरेको छ भन्ने विश्वास गर्नुपर्ने ठाउँ छ ।

आफूलाई पूर्णतया आफैँले मानिसहरू चिन्दैनन्, एकान्तमा समेत मानिसहरू आफैँसित सत्य बोल्दैनन्, कुनै परिवेशमा आफूबाट किन यस्तो व्यवहार भयो भन्नेबारे मानिसहरू यथार्थ विश्लेषण गर्न सक्तैनन् भन्नेमा म विश्वस्त छु । मानिसहरू आफ्ना अन्तर्मन र आफ्नै उपचेतनबारे आफैँ नै अनभिज्ञ रहन्छन् । यिनै कारणले होला उपनिषद्हरूले गौतम बुद्धले आफ्ना कथनहरूद्वारा 'पहिले तिमी आफैँलाई चिन' 'आत्मायं बिद्धि' भन्नेमा जोड दिने गरे । प्राचीन ग्रीसका महान् विद्वान् कवि र एथेन्समा प्रजातन्त्रका संस्थापक सोलोन (६३९–५५० इसापूर्व)ले Know Thyself भन्नेमा प्रथम जोड दिने गरे ।

आफूले आफैँलाई पूर्णरूपेण नचिन्नु मानिस हुनुको सर्त हो । ग्रीसका विश्व विख्यात सुकरातलाई डेल्फी मन्दिरको देववाणी

Oracle ले 'ग्रीसका सबैभन्दा विद्वान् र बुद्धिमान् मानिस सुकरात हुन्' भन्यो भनी सुन्दा ती वीतराग सुकरात आफैँ विस्मित भएका थिए ।

यी सत्य दृष्टिकोणलाई सामुन्ने राखेर विचार गर्दा संसारमा आजसम्म लेखिएका कुनै पनि जीवनीलाई न पूर्णाङ्ग भन्न सकिन्छ न जीवनीले रोजेको व्यक्तिको सम्पूर्ण चित्रण नै । स्वभावतया प्रसाईको यो पुस्तकबाट लैनसिंह बाङ्देलबारे यथार्थ र सम्पूर्ण इतिवृत्त थाहा हुन्छ भन्न मिल्दैन । उदाहरणनिम्ति मानु र लैनसिंह विवाहित भइसकेपछि पनि ती दुई पतिपत्नीबीच गाढा प्रेम र स्नेह रहँदा पनि, लैनसिंह बाङ्देल कलाकारको रूपमा युरोपमा अध्ययनरत रहँदा कतिपय युरोपेली युवतीहरू र बाङ्देलबीच गहिरो प्रेम र भौतिक सम्बन्ध कुन मानवीय कारणले रहन गयो भन्नेबारे न पुस्तकबाट खुल्दछ न बाङ्देलले नै बताएका छन् । विवाहित बाङ्देल थाहा पाएर पनि ती युरोपेली युवतीहरू किन मोहित भए र उहाँसित त्यसरी लहसिन पुगे भन्नेबारे सके ती युवतीहरूलाई पनि थाहा थिएन होला ।

माथिको यो कुरा विवरणको एउटा पक्ष मात्र हो । ममा थप अर्को प्रश्न छ– संसारमा केही मानिस के कारणले आफ्ना कार्य क्षेत्रमा आफैँभन्दा ठूला मात्र होइन कि आफ्नो देशभन्दा पनि ठूला हुन पुग्छन् ? यस्ता केही व्यक्तिका जग नै सके सामान्यभन्दा पृथक् पदार्थले निर्मित भएर आफूमाथि ठूला भवनै निर्माणका निम्ति आह्वान गर्छन् कि ? जसबारे यस्तो अनुमान गर्ने हो भने तिलमाधव देवकोटाका पाँच छोरा र कतिपय छोरीमध्ये लक्ष्मीप्रसाद देवकोटा नै नेपालका सूर्यझैँ किन त्यसरी उज्याला भएर चम्किन पुगे र सके ? त्यो पनि सुरु किशोरावस्थादेखि नै ?

यो पक्षतिर लेखक नरेन्द्रराज प्रसाईको किञ्चित् ध्यान गएजस्तो देखिन्छ । प्रसाईले बाङ्देलको दार्जिलिङ र कोलकाताको परिवेश र

पृष्ठभूमिलाई खोतल्ने प्रयास गरेको पनि देखिन्छ तर सकुन्जेल प्रयास गर्दा पनि प्रश्नलाई लेखकले जहाँको तहीँ छोड्नुपऱ्यो । किन ? यो किनलाई कृष्णद्वैपायन व्यासबारे महाभारतले पनि अनुत्तरित छाडेको छ र परासरबाट सत्यवतीले कृष्णद्वैपायनलाई जन्माएपछि ती छोरा तुरुन्तै आमाबाट छुट्टिएर हिँड्छन् र वर्षौंपछि अकस्मात् प्रकाण्ड व्यक्तित्वको रूपमा महाभारतमा सत्यवतीसामु तिनीले बोलाएपछि आइपुग्छन् । संसारका प्राय: सबै ठूला व्यक्तित्वहरू पहिले अज्ञात परिवेशबाट गुज्रिँदै गएर अचानक अद्भुत व्यक्तित्वको रूपमा सामुन्ने उभिन पुगेका देखिएको छ ।

त्यसो हुनुमा सम्बन्धित व्यक्तिमा निहित बीउका साथै परिवेशले समेत काम गरेको हुन्छ । ती दुवै कारकलाई संसारका अति विख्यात जीवनी लेखकहरूले चिरफार गर्ने सबल कोसिस गरेका थिए भन्ने कुरा त्यस्ता पुस्तक पढ्दा मैले अनुभव गरेको थिएँ । तर साथै यस्ता लेखकहरू पनि आफ्ना प्रयासमा विफल नै रहने गरे । मानिस हुनुको गरिमा र आश्चर्यले गर्दा, मानिस हुनुको रहस्यमयताले गर्दा त्यो अपूर्णता रहने गरेका हो ? कसरी भन्नु ?

व्यक्तिका जीवनी लेख्ने दुई शैली रहेका देखिन्छन् । एउटा हो– व्यक्तिका जीवन इतिवृत्तलाई खण्डखण्डमा प्रस्तुत गरेर व्यक्तिको सम्पूर्णतालाई उद्घाटित गर्नु । दोस्रो शैली हो– व्यक्तिलाई सुरुदेखि सम्पूर्ण रूपमा ग्रहण गरी त्यसमा उसको कार्यक्षेत्रले थप्दै जाने ऊहापोहले क्रमश: उत्पन्न गर्दै जाने, थप्दै लाने सग्लोपनलाई सम्बन्धित व्यक्तिकेन्द्रित परिचयको समग्रतालाई अङ्कित गर्दै गएर सम्पूर्णतामा पुऱ्याउने । लेखक नरेन्द्रराज प्रसाईले ४०६ पृष्ठको आफ्नो 'बाङ्देलको जीवनयात्रा'नामक यो पुस्तकनिम्ति माथि भनिएको पहिलो शैली रोजेको देखियो । यो अग्राह्य शैली हुँदै होइन तर यो शैलीले व्यक्तिसम्बन्धी थुप्रै प्रश्नलाई अनुत्तरित छोड्ने गर्छ ।

उदाहरणनिम्ति बाङ्देलले सुरुमा गोरखादक्षिणबाहु, अनि संवत् २०२८ मा गोरखादक्षिणबाहु तेस्रो, अनि संवत् २०३९ मा गोरखादक्षिणबाहु दोस्रो पाउनुभयो । ती तीनवटा विभूषणबाट क्रमिकतामा सम्मान वृद्धि हुँदै गएको देखियो तर सोको कारण के यान्त्रिक मात्रै हो वा उहाँबाट भएका अनुदानहरूमा वृद्धिको क्रमिक अनुमोदन ? प्रस्ट जबाफ छैन किनभने यो जीवनी माथि भनिएको पहिलो शैलीमा लेखियो ।

लैनसिंह बाङ्देलको जीवनी लेख्दा लेखक नरेन्द्रराज प्रसाईले भरसक तटस्थ रहेर बाङ्देललाई प्रस्तुत गर्नुएको छ । यो पद्धतिलाई अनुमोदन गर्नैपर्छ । तथापि सम्पूर्ण पुस्तक लेखकद्वारा बाङ्देलबारे प्रस्तुत प्रतिवेदनजस्तै भएको छ । मेरो विचारमा भने दोस्रो व्यक्तिद्वारा लेखिएको रहँदारहँदै पनि आफ्नो पात्रबारे पुस्तकले आफैँ नै सम्पूर्णतामा बोल्नुपर्छ । पुस्तकको रचयिता लेखक नै अवश्य हो परन्तु मुख्य पात्रबारे लेखकभन्दा पुस्तकले माथि उठ्ने चेष्टा गरेमा पुस्तकको महिमा पनि बढी माथि उठ्ने गर्छ । लेखकले यस्ता पुस्तकमा साक्षी मात्र बस्ने प्रयास गर्नुपर्छ ।

'बाङ्देलको जीवनयात्रा'बारे नरेन्द्रराज प्रसाईको यो पुस्तक प्रशंसनीय र सङ्ग्रहणीय छ । जीवनीलेखनको दोस्रो शैली पनि संसारमा प्रचलित छ । अमेरिकाका विश्वविख्यात लेखक इर्भिङ स्टोनले भिन्सेन्ट भ्यानगोह, माइकेल एन्जेलो र नेपोलियन बोनापार्टका जीवनी उपन्यासको रूपमा प्रस्तुत गर्दा अपनाएका शैलीले ममाथि प्रभाव परेको हो । जवाहरलाल नेहरू र महात्मा गान्धीले स्वजीवनी लेख्दा त्यही शैलीलाई अपनाएका थिए भन्ने म सम्झिन्छु । अमेरिकाका रवर्ट सेरबुडले 'रुजभेल्ट र हकिन्स' लेख्दा गाढा मित्रतामा रहेका ती दुवै अमेरिकालीहरूका समग्र जीवनीलाई एकीकृत मात्र गरेनन्, ती दुवैलाई दोस्रो विश्वयुद्ध र यसको ठीक पूर्ववर्ती अमेरिकी, बृटिस र सोभियत इतिहाससित एकीकृत रूपमा

हेर्ने नयाँ विश्वदृष्टिकोण अपनाएका थिए । त्यस्ता जीवनीपरक पुस्तकहरू पढिनुपर्छ ।

कविता, ललितकला र व्याकरणका क्षेत्र सामान्यतया मेरो बुद्धिभन्दा बाहिरका तर उच्चतम मानवसृजनाका क्षेत्र हुन् । त्यसो हुँदा बाङ्देलले ललितकला क्षेत्रमा प्राप्त गरेका उपलब्धिका सम्बन्धमा लेखक नरेन्द्रराज प्रसाईद्वारा गरिएको मूल्याङ्कनबारे म केही भन्न सक्दिनँ । दोस्रो कुरा, बाङ्देलको व्यक्तित्वबारे लेखकका भनाइसित म पूर्णरूपेण सहमत छु । बाङ्देल भनेको आफ्नो कार्यक्षेत्रमा पूर्णतया समर्पित व्यक्तित्व भने हो । देशप्रति उहाँको निष्ठा र भक्तिका सम्बन्धमा पनि कुनै प्रश्न गर्न मिल्दैन । आफ्नो जीवन जहाँ अवसान भए पनि अन्तिम संस्कार भने आफू जन्मिएको देशमा नै लगेर गर्नु भनी अन्य केहीले सरह उहाँले कहिल्यै भन्नुभएन ।

म मदनमणि दीक्षितको जन्म काठमाडौँ गैह्रीधारामा भयो । मेरो शरीर कहाँ छुट्नेछ मलाई थाहा छैन । परन्तु जहाँ मेरो शरीर छुट्छ मेरो अन्तेष्टि पनि त्यहीँ गरियोस् भन्ने मेरो आग्रह छ । यसबाट मेरो देशभक्तिमा कुनै फरक पर्ने छैन भन्नेमा म विश्वस्त छु । सके बाङ्देल पनि यस्तै विचारद्वारा प्रेरित रहने गर्नुभयो ।

• **'अभिव्यक्ति'**, २०६० **कात्तिक**, **वर्ष** ३४, **पूर्णाङ्क** ११६

• • •

## बाङ्देलकै दृष्टिमा 'बाङ्देलको जीवनयात्रा'

मेरा जीवनका विविध भोगाइहरूलाई जोगाड गरी नेपाली साहित्यका एक जना जल्दाबल्दा प्रतिभा नरेन्द्रराज प्रसाईले 'बाङ्देलको जीवनयात्रा' प्रस्तुत गरेका छन् ।

शैलीमा मधुरता, पढिरहूँजस्तो लाग्ने मिठास र जीवनीलेखाइको नयाँ पद्धति नै नरेन्द्रराज प्रसाईको यस पुस्तकको अनुपम गुण हो । यस्तो किसिमको

रचना र यस्तो किसिमको सिर्जनात्मक साहित्यिक गुण नेपाली साहित्यजगत्मा पहिलोपल्ट देखा परेको हो भन्ने मेरो धारणा छ ।

यो पुस्तक पढ्दा मलाई मेरो जीवनको कथा होइन एउटा उपन्यास नै पढिरहेको छु जस्तो लाग्यो । मेरो जीवनमा आधारित यो कृति मलाई उपन्यासजस्तै लाग्यो । यस कृतिमा लेखिएका सारा घटनाहरू अहिले मलाई सपनाजस्तै लाग्दै छन् । हुन पनि होस् यी घटनाहरू मेरो शेषपछि वास्तविक घटनाहरू भएर पनि कथाजस्तै भएर रहनेछन् । त्यस बेला यो संसारमा म हुन्नँ ।


**• लैनसिंह बाङ्देल**

('बाङ्देलको जीवनयात्रा'– २०५९, भूमिका, पृष्ठ– ८)

# समाजका केही चिन्तक

यो पुस्तकको पाण्डुलिपि आफूसँगै लिएर एक दिन नरेन्द्रराज प्रसाई मेराछेउ आउनुभयो र यसमा उन्नाइस जनाको जीवनपरिचय लेखिएको छ भनी बताउनुभयो। यो पुस्तकको भूमिका कसबाट लेखाउनु उत्तम होला भनेर उहाँले कुरा सुरु गर्नुभएको थियो।

व्यक्ति समाजको उत्पत्ति हो, समाजको एउटा प्रवाह व्यक्तिमा प्रकट हुन्छ। समाज स्वयम् राष्ट्रिय इतिहासको चरण हुने गर्छ। त्यसरी व्यक्तिहरू आफैँ पनि लामो इतिहासका प्राप्ति हुन्। व्यक्ति को हो भन्नेबाट यसमा कुनै फरक पर्दैन। सानो ठूलो, दरिद्र धनी, निरक्षर वा महापण्डित जो होस्; व्यक्ति आफ्नो राष्ट्रिय इतिहासको र आफ्नो समाजको बृहत् नत्र सूक्ष्म परिचय हुने गर्छ। त्यसमा अपवाद हुँदैन। त्यसो हुँदा राष्ट्रिय इतिहास र त्यसबाट निर्मित समाजलाई चिनेका र बुझेकाहरूले व्यक्तिमा प्रकट भएका चरित्रलाई बुझ्ने गर्छन्। त्यस्तैसित भूमिका लेख्न आग्रह गर्नु बेस होला भन्ने



**प्रथम संस्करण** : २०४७

आफ्नो सोझो विचार मैले नरेन्द्रराज प्रसाईसामु प्रकट गरें। जीवनीपरक पुस्तकको भूमिका लेख्नेले सकेसम्म ती सम्बन्धित व्यक्तिलाई चिनेको हुन सकेमा लेखकले आफूलाई सत्यको बढी नजिक राख्न र आफ्नो कलमप्रति बढी इमानदार रहन मद्दत हुनेछ भन्ने विचारसमेत मैले प्रस्तुत गरें।

अरू कुरा जे होस्, यो पाण्डुलिपि पढेर यसबारे लेखिदिनुहोस् भनी नरेन्द्रराज प्रसाईले भन्नुभयो र परिचय लेखिएका नाउँहरू पढेर सुनाउनुभयो। म साँच्चि नै तर्सिएँ। छुटकारा लिन खोज्दा पनि सकिनँ, पाइनँ।

यसमा परेका अधिक नाउँलाई मैले पहिले सुनेकै थिइनँ। यसमा दस जना त्यस्ता छन् जससित भेट हुँदा अभिवादनका आदानप्रदान मात्र हुन्छन्। केही नाउँसित एकाध घण्टा कुराकानी पनि भएका थिए। त्यतिभन्दा बढ्ता परिचय थिएन, छैन। त्यत्ति आधारमा मैले उहाँहरूबारे लेखकका कुनै पनि कुरासित सहमति वा असहमति बनाउने प्रश्नै उठ्दैन।

लेखहरू पढ्दै जाँदा चिनेकै नाउँहरू पनि मैले भिन्नै रूपमा चिन्ने गरेको रहेछु भन्नेचाहिँ लाग्यो। मानिस हुनुको आनन्द भने पनि रमाइलो भने पनि त त्यही हो। एउटा व्यक्तिलाई बाँकी सबैले आफ्नै किसिमले, पृथक् किसिमले बुझेका हुन्छन्। लेखकको काम आफ्नो विचार प्रस्तुत गर्नु हो। त्यो विचारलाई प्रत्येक पाठकले आफ्नै किसिमले ग्रहण गर्छ। अङ्कगणितमा मात्र १ को अर्थ सबैले १ भनेर बुझ्छन् अन्यथा होइन।

नरेन्द्रराज प्रसाईले जीवनीभन्दा पनि सम्बन्धित पात्रको संक्षिप्त परिचय लेख्नुभएको हो भन्ने म ठान्छु। त्यस्तै, उहाँले समाजसेवी भने तापनि सत्कार्यकर्ता सत्प्रयासकर्ता ठानेर आफ्नै परिभाषाका आधारमा चयन गरी छोटकरी परिचय दिनुभएको रहेछ।

केलाई सत्कार्य, सत्प्रयास र समाजसेवा भन्ने ? सदाकालदेखि यो प्रश्न जटिल रहिआएको छ । उपर्युक्त प्रश्नको सोझो सम्बन्ध आचारशास्त्र, नीतिशास्त्र र सौन्दर्यशास्त्रसित रहेको छ । भौतिकवादी होउन् वा आत्मवादी, त्यस्ता प्रत्येक इमानदार दार्शनिकलाई मूल्य विवेचना र स्थापनासम्बन्धित माथि उल्लिखित प्रश्नले यो संसारमा दार्शनिक चिन्तनको उदय भएदेखि नै विचारकहरूलाई विचलित पार्दै आयो तैपनि आजसम्म कुनै दुई चिन्तनकर्ताबीच सहमति भएको छैन । त्यस्तो सहमति कतै उत्पन्न भयो भने यो संसारमा दार्शनिक चिन्तन अवरुद्ध हुन जाने मात्र होइन कि मानव विकास नै एकै ठाउँमा टक्क रोकिनेछ ।

मैले माथि नै भनिसकेँ, प्रत्येक व्यक्ति राष्ट्रिय इतिहासको प्रादुर्भाव हो । वर्तमानमा अर्थात् आफ्नो समयमा व्यक्तिको विकास र अभ्यास विश्वकै समष्टिद्वारा समेत प्रभावित रहने गर्छ । प्रत्येक मानिस विश्वकै एउटा विलक्षण चमत्कार हो । त्यस्तो चमत्कारलाई आफूमा सम्पूर्ण ज्यामितिक सूत्रलाई झैँ निर्द्वन्द्व व्याख्या गर्न सकिन्न । कुनै त्रिभुज वा आयामहरूभन्दा मानिस माथि हुन्छ । मानिस कुनै चित्रमा अटाउँदैन, रेखाचित्रभित्र त झन् अटाउँदै अटाउँदैन । अटाएको देखाउने कोसिस गर्नु लेखकको कर्तव्य हो । त्यो कर्तव्यको पालन भए नभएको कुरालाई पहिले जसबारे लेखिएको छ, जीवित अवस्थामा छ भने त्यसैले, अनि त्यसलाई चिन्ने पाठकले ठम्याउँछन् । यो कार्यलाई लेखक आफूले रोजेका व्यक्तिबारे आफू तटस्थ रहेर केही मात्रामा सघाउन सक्छ ।

नरेन्द्रराज प्रसाईले चयन गर्नुभएका व्यक्तिहरू समाजसेवी हुन् भन्ने स्वीकार गरी आफ्नो कलम चलाउनुभएको देखिन्छ ।

इतिहासमा व्यक्तिको स्थान केकस्तो रहन्छ ? के व्यक्तिले इतिहासको निर्माण गर्न वा इतिहासलाई फेर्न वा अर्को दिशामा

मोड्न सक्छ ? इतिहासको सन्दर्भमा व्यक्तिको स्वतन्त्र इच्छामा कति स्वतन्त्रता र महत्त्व रहन्छ ? व्यक्तिको जीवनी लेख्दा ध्यान दिनुपर्ने प्रश्न हुन् यिनीहरू ।

व्यक्तिको जीवन सामाजिक चेतनाको अभिव्यक्ति हो । त्यस्तो अभिव्यक्ति कसमा कति सम्पूर्णतामा भएको थियो वा भएको छ भन्ने देखाउनु जीवनीलेखकको काम हो ।

राष्ट्रको इतिहास त्यही सामाजिक चेतनाको अविरल प्रवाह हो । संसार जड अवस्थामा वा चेतनारहित प्राणधारी अवस्थामा रहँदा भौतिक व्यवहार मात्र प्राकृतिक नियम अधीन रही गतिमान रहन्छन् । चेतनाको विकास भएर त्यसले भौतिक स्थितिमाथि प्रभाव पार्न थालेपछि भने चेतनाले सामाजिकता ग्रहण गर्छ र भौतिक प्रक्रिया र चेतन प्रक्रिया अन्योन्याश्रित हुन गई एकअर्काको विकासमा अखण्ड आधार बन्न पुग्छन् । मानवइतिहास त्यही हो । एउटा भौतिक नियतिले उत्पन्न गरेको चेतनाले नयाँ भौतिक स्थितिको उत्पादन गर्छ जसले आफ्नो तर्फबाट चेतनालाई झन् नयाँ रूप प्रदान गर्दै नयाँ धरातलमा उचाल्छ । अन्तर्प्रवाहित सारतत्त्व रूपको क्रियामा ध्यान नदिनेहरू मात्र चेतनाको होओस् वा भौतिक प्रक्रियाको, तिनका आदि, मध्य र अन्त्य देख्छन् । तर जसरी पदार्थ गतिमन्त रहन्छ त्यसै गरी चेतना पनि अवरोधरहित गतिमन्त रहन्छ ।

मानवइतिहासलाई छुट्टैछुट्टै सङ्कलनको रूपमा भन्दा पनि विकासोन्मुख चेतनाको निरवच्छिन्न प्रवाहको रूपमा हेर्नुपर्छ भन्ने आग्रह जर्मनीका सुविख्यात दार्शनिक विलहेल्म फ्रेडरिख हेगल (सन् १७७०–१८३१) को थियो ।

व्यक्ति जतिसुकै प्रखर होउन्, त्यो चेतन भौतिक प्रवाहभन्दा बाहिरका होइनन् कि त्यही समष्टि प्रवाहका उत्पत्ति हुने गर्छन् ।

प्रवाह गतिमान् रहँदा त्यसमा उठ्ने लहरसरह यदाकदा व्यक्तिहरू प्रमुख भएका अवश्य देखा पर्छन् । एउटा लहरका रूपमा तिनले एउटा ठाउँमा र एउटा समयमा प्रवाहमाथि प्रभाव पनि पार्छन् तर गतिको वेग, दिशाको चयन र निर्धारण भने भौतिक अवस्था– चेतना धरातल– नयाँ भौतिक अवस्थाको अन्तर्प्रवाहित गतिमन्तताले नै गर्ने गर्छ ।

जीवनी परिचय लेख्दा नरेन्द्रराज प्रसाईले यस्ता दार्शनिक आधार लिनुभएको भने छैन । व्यक्तिको सामान्य र दैनिक परिचय दिनेमा उहाँले आफूलाई अर्पित गर्नुभएको छ । इतिहासलाई माथि भनिएझैँ दार्शनिक आधारबाट हेर्न खोज्नेले यो परिचयहरूमा कुनै सामग्री पाउन सक्ने छैन भन्ने होइन । लेख्तै नलेख्नेले भन्दा लेख्नेले सामग्रीहरू प्रस्तुत गरिरहेकै हुन्छन् ।

२५ साउन, २०४७ • '**समाजका केही चिन्तक**' २०४७ (**भूमिका**)

• • •

## समालोचकका दृष्टिमा 'समाजका केही चिन्तक'

नरेन्द्रराज प्रसाई भन्नुहुन्छ– 'मलाई मेरो भाषा लेख्ने शैली मन पर्छ ।' वास्तवमा यस्तो अभिव्यक्तिको स्तरलाई गर्वोक्तिको श्रेणीमा दर्ता गर्दा हुन्छ । आफैँले आफ्नो भाषिक लेखनशैलीप्रति यति ज्यादा मोह राख्न उचित हो कि होइन, तर एउटा कुराचाहिँ निश्चित सत्य हो– नरेन्द्रराज प्रसाई अरूलाई आफ्ना भाषिक प्राञ्जलताले र माध्यमले परिचित गराउने क्रममा एउटा अर्को शैलीको भाषा लेख्नुहुन्छ जुन अन्यतम र विशेष छ । सोझा र सामान्य जस्ता वाक्यविन्यासले अभीष्टलाई समात्न र अभिव्यक्त गरिदिन जुनजुन बेला साह्रै सफल उहाँ हुनुहुन्छ त्यस बेला अभिव्यक्तिको भाषिक यथार्थ नै बेग्लै भएको हामीलाई पनि अनुभव हुन्छ । मैले उहाँका बारे लेख्दा पहिले लेखेको थिएँ– 'नरेन्द्रराज प्रसाईले आफ्ना कतिपय गद्यलेखनहरूबाट अरूका स्वरूपहरूलाई प्रशस्त उज्यालो गरिदिनु भएर चिनिने पारिदिनुभएको छ ।' उक्त काम आज पनि त्यत्तिकै जीवन्त र यथार्थ भएको प्रमाण यसै ग्रन्थका प्रविष्टिहरूले दिन्छन् ।

नरेन्द्रराज प्रसाईलाई किन अरू व्यक्तिहरू चिनाउन मन पर्छ ? यो अर्को मानवीय मनोवैज्ञानिक यथार्थ हुन सक्छ, तर यस्ता मानिसहरू समाजमा थोरै मात्र हुन्छन्– नरेन्द्रराज प्रसाईजस्ता मानिसहरू !

आफूले गरेका काम मर्दैनन् भन्न त भन्छन् मानिसहरू तर ती कामहरूबारे लेखिदिने र भनिदिने नरेन्द्रराज प्रसाईजस्ता मोतीराम भट्टहरू भइदिएनन् भने जस्तैसुकै महान् भानुभक्तहरू पनि समाजमा अपरिचित भएर बिलाउन पनि सक्छन् । मानिसको महत्त्वलाई चिनाउने मानिसको आवश्यकता पर्छ, नत्र जस्तोसुकै ठूलो महत्त्व पनि महत्त्वहीन भएर हराउन सक्छ कतै शून्यमा

**• ईश्वरवल्लभ**

('समाजका केही चिन्तक'– २०४७, भूमिका, पृष्ठ– ३–४)

# परिशिष्ट

# अक्षरशिरोमणि मदनमणि दीक्षितको जीवनी

**मदनमणि दीक्षितको पृष्ठभूमि**

कुनै समयमा आचार्य दीक्षितहरू नेपालमा नामी थिए । तिनीहरू हरेक विषयमा अरूहरूभन्दा कम्तीका मानिँदैन थिए । तिनै खलकमध्येकै एक जना लक्ष्मणमणि आचार्य दीक्षितले कलकत्ता विश्वविद्यालयबाट भूविज्ञान अर्थात् जियोलोजीमा बिए अनर्स गरेका थिए । त्यस बेला त्यसरी पढ्ने नेपाली बिरलै भेटिन्थे ।

लक्ष्मणमणि आचार्य दीक्षित र विष्णुकुमारीदेवीका जेठा छोराका रूपमा १९७९ साल फागुन ६ गते मदनमणि दीक्षितको जन्म भएको थियो । अनि यिनको जन्म काठमाडौँको गैह्रीधारामा भएको थियो । यिनका बुबा त्यस बेला जागिरे थिए र यी दीक्षितहरू भूमिपतिमा पनि गणना हुने गर्थे ।

लक्ष्मणमणि दीक्षितबाट तीन छोरा र चार छोरी जन्मेका थिए । यिनका सन्तानमध्ये मदनमणि दीक्षित र उनका भाइ महेशमणि दीक्षितले नेपाली समाजमा राम्रो छवि स्थापित गरेका थिए । आमाबाबुको सपनालाई साकार रूप दिन मदनमणि दीक्षितचाहिँ योग्य र ख्यातिप्राप्त नेपाली नागरिकका रूपमा उभिन सफल भए । खास गरेर साहित्यकार भएकै नाताले उनी देशदेशान्तरमा एउटा आदरणीय व्यक्तित्वका रूपमा नै स्थापित भए ।

जहानियाँ राणा शासनकालको कालो युगमा मदनमणि दीक्षितले प्राथमिक शिक्षा पाए । त्यस बेला यिनको पढाइ निकै सङ्घर्षपूर्ण

तरिकाले सञ्चालित भएको थियो । दीक्षितको माध्यमिक पढाइ नेपालको तराईको गाउँ र भारतको बनारसमा सम्पन्न भएको थियो । त्यस बेला नेपालका तराई भागहरूमा भारतीय स्वाधीनता सङ्ग्रामको प्रभाव क्रमश: अघि बढिरहेको थियो । अनि त्यस प्रभावबाट दीक्षितपरिवारमा पनि निकै प्रभाव परिरहेको थियो । अनि त्यस प्रकारको वातावरणीय प्रभावले मदनमणि दीक्षितलाई पनि क्रमश: डोऱ्याउन थालेको थियो ।

मदनमणि दीक्षितको उच्चशिक्षा बनारसमा सम्पन्न भएको थियो । उक्त समयमा भारतीय स्वाधीनता सङ्ग्राम अन्तिम चरणतर्फ प्रवेश हुँदै थियो । त्यस बखत हिन्दु र मुसलमानको साम्प्रदायिकताको बिगबिगीले त्यस क्षेत्रमा भूकम्प उर्लिरहेको देखिन्थ्यो । यिनको पढाइ सकिँदानसकिँदै भारतमा जनताले प्रजातान्त्रिक अभ्यासको प्रत्यक्ष र सक्रिय अनुभव लिन खोजिरहेका थिए । त्यस बखतको त्यो तातो रापबाट उनी उम्कन सकेका थिएनन् ।

मदनमणि दीक्षितलाई मणिखलकको गतिलो छहारी थियो । मणिखलकले यिनको व्यक्तित्व चम्काउने प्रबल उद्देश्य राखेको थियो । अथवा यिनलाई खुबै शिक्षित बनाउने अभिप्रायले मणिखलक एक भएर उभिएका देखिन्थे । वास्तवमा उनी पनि मणिहरूका मणि मात्र भएर निस्केनन् बरु संसारभरिका नेपाली भाषा बोल्नेहरूका गौरवी भएर प्रकाशित भए । वास्तवमा उनी नेपाली वाङ्मयका तपस्वी नै थिए ।

राणाकालीन राज्यव्यवस्थामा मणिखलकहरूको गतिलै राष्ट्रिय पहिचान थियो । आफ्ना बाबुबाजेले पाएको सम्मान आफूले पनि पाउनुपर्छ भन्ने मदनमणि दीक्षितको चाहना स्वाभाविकै पनि थियो । त्यति मात्र होइन, दीक्षितलाई नेपाल पुऱ्याएर धर्मकर्ममा सरिक गराउने यिनका बुबाको विचार थियो । तर त्यतिखेर यिनकी आमाको विचारचाहिँ नेपालतिर ढल्केको थिएन । त्यस बेला यिनकी आमाको आफ्नो छोराप्रतिको विचार थियो– 'मेरो छोरो भारतको ठूलो नेताजस्तो

भएर जनकल्याणका लागि लागोस् । त्यसै हिसाबमा यिनलाई घरायसी शिक्षामा पारङ्गत गर्न खोजिएको थियो ।’

मदनमणि दीक्षितले अनेक उतरचढावका बीच उच्चशिक्षा हासिल गरेका थिए । यिनले काशी हिन्दु विश्वविद्यालयबाट एमए उत्तीर्ण गरे । एमए पास भएपछि उनी राजनीति, साहित्य र पत्रकारितामा सँगसँगै हिँड्न थालेका थिए । तर यिनको राजनीतिक परिवेश भने क्रमश: साँघुरिँदै जान थाल्यो । अर्कातिर यिनको पत्रकारिता र साहित्यले भने नेपालको माटोलाई चुम्न थाल्यो । यिनको साहित्य र पत्रकारितामा पोखिन थालेका अक्षरहरूले नेपाली बौद्धिक जनमानसलाई एकोऱ्याएर पनि राख्न थाल्यो । उनी लेखन कलाका एउटा महारथीका रूपमा नै पनि उभिएका थिए ।

मदनमणि दीक्षितका लागि भ्रमण प्रिय मानिन्थ्यो । उनले नेपालका केही सुगम र दुर्गम स्थलको भ्रमण गरे । त्यसै परिवेशका कारण यिनले नेपाली जनजीवनको अवस्था पनि सङ्ग्रह गरे । अनि त्यसबाट पनि उनले आफ्नो साहित्यिक यात्रा बढाए । यसका साथै यिनले एसिया, युरोप, अमेरिका र अफ्रिकाका ३५ मुलुकको भ्रमण गरेर व्यापक अनुभव पनि सँगालेका थिए । यी जुनजुन भूमिमा पुगे यिनले तीती ठाउँको अभिलेख पनि जम्मा गरे ।

मदनमणि दीक्षितले सार्वजनिक जीवनको पहिलो सत्ताइस महिना वीरगन्जको त्रिजुद्ध हाईस्कुलमा प्रधानाध्यापकका रूपमा बिताएका थिए । उनी सात वर्षसम्म सक्रिय कम्युनिस्ट कार्यकर्ताका रूपमा पनि कार्यरत रहे । त्यसपछि यी तीस वर्ष पत्रकारितामा लागिपरे । त्यसको पछिल्लो चरणमा भने उनी पूर्ण रूपमा साहित्यलेखनमा नै ढल्केका थिए ।

### दीक्षितको पारिवारिक जीवन

मदनमणि दीक्षितका बुबा लक्ष्मणमणि आचार्य दीक्षितका परिवारले प्रधानमन्त्री भीमशमशेर राणाको पारिवारिक कलहका

कारणले गर्दा भयङ्कर यातना, त्रास र क्षति भोग्नुपरेको थियो । समग्रमा राणाका चाकरीदारका रूपमा बितेको दीक्षितको पुर्ख्यौली आर्थिक अवस्था भीमशमशेरको अवसानपछि क्रमश: ओरालो नै लागेको थियो । औसत नेपालीले भोग्ने आर्थिक सङ्कट यिनीहरूले पनि भोगेका थिए । मदनमणि दीक्षितका छोराहरू अमोदमणि दीक्षित र प्रमोदमणि दीक्षितको राम्रो जागिर थियो । उनीहरूले पनि बलियो खुट्टा टेक्न थालेपछि आर्थिक रूपले यिनलाई केही सहज पनि भएको थियो ।

मदनमणि दीक्षितको विवाह सत्र वर्षको उमेरमा भएको थियो । कलैयाको पिपराका अति चेतनशील, सम्पन्न र प्रतिष्ठित योगेन्द्रराज गौतम र खोमकुमारी गौतमकी तेह्र वर्षीय छोरी रीता गौतमसँग यिनको लगनगाँठो कस्सिएको थियो । विवाहपूर्व रीताको नाउँ डोलकुमारी थियो । बिहे गरेपछि यिनले आफ्नी पत्नीको नाउँ रीता राखेका थिए ।

मदनमणि दीक्षितले आफ्नी आमाको पारामा लागेर श्रीमतीलाई शारीरिक यातना पनि दिइरहे । वास्तवमा उनी आमाका अन्धभक्त थिए । त्यसैले आमाले बुहारीको बिरुद्धमा कुरा लगाएको भरमा उनी आफ्नी पत्नीलाई कुटिरहने गर्थे । श्रीमतीलाई दुक्ख दिएको पछुतोमा उनी प्रायश्चितका लागि एक पटक जोगी हुन पनि तम्सेका थिए । तर श्रीमती रीता दीक्षितको रोइकराइका कारणले उनी जोगी हुनबाट जोगिएका थिए । अनि त्यसपछि उनले श्रीमती कुट्न र पिट्न पनि छोडिदिए । त्यतिन्जेलमा उनको जेठो छोरो विनोद दीक्षित पनि जन्मिसकेका थिए । त्यसपछि यिनले सकेसम्म शान्तिपूर्वक पारिवारिक जीवन बिताइरहे ।

मदनमणि दीक्षितदम्पतीका चार छोरा जन्मे । उनका छोराहरूमध्ये विनोदले साहित्य र पत्रकारितामा प्रसिद्धि कमाए, माइला प्रमोदले

मेकानिकल इन्जिनियरमा रहेर आफ्नो पेसालाई मर्यादित बनाए, साइँला अमोदमणिले भूकम्पविद्का रूपमा ख्याति कमाए र कान्छो कामोद इलेक्ट्रिकल इन्जिनियर थिए ।

मदनमणि दीक्षितदम्पतीबाट एउटै छोरी जन्मिइन् । छोरी इल्या भट्टराईले पनि साहित्य सिर्जनामा ख्याति कमाइन् । साथै इल्याका पति इन्जिनियर दीपक भट्टराई इन्जिनियरिङको क्षेत्रमा भरपर्दो नाउँ बन्यो । दीपक भट्टराईको शेषपछि उनैले स्थापना गरेको नेपाल इन्जिनियरिङ कलेजमा उनको सालिकसमेत बनाइएको छ ।

मदनमणि दीक्षित सोभियत रूसको विश्वासपात्र थिए । त्यसैले उनका छोराहरूले पनि रूसमा नि:शुल्क पढ्न पाएका थिए । उचित शिक्षा पाउनाले उनका सन्तान एकभन्दा अर्को योग्य हुँदै गए । अनि त्यस योग्यताको रीतले उनका नातिनातिनासम्ममा पनि जरा गाडिरहेको पाइन्छ ।

**दीक्षितको साहित्यिक मोड**

२०१४ सालको सुरुतिर दीक्षितको 'सम्पादकलाई पत्र' भनेर दस पङ्क्तिको लेख दैनिक 'नयाँ समाज'मा छापिएको थियो । त्यो पत्र यिनका नाउँमा छापिएकोमा यिनलाई आश्चर्य र खुसी लागेको थियो । हुन त २००७ सालको माघ महिनामा वीरगन्जको रेल्वेमा मजदुर हडताल हुँदा सो हडतालमा मजदुरलाई समर्थन गरी पहिलोपल्ट लेखेको हस्तलिखित पर्चा वितरण हुँदा पनि यिनलाई खुबै रमाइलो लागेको थिए ।

मदनमणि दीक्षितको पहिलो विधिवत् लेखन २०१५ सालमा दैनिक 'हालखबर'को सम्पादकीय 'सुठोको समस्या' शीर्षकमा प्रकाशित भएको थियो । अनि यिनको पहिलो प्रकाशित पुस्तक कथामा आधारित थियो । 'कसले जित्यो, कसले हार्‍यो' यिनको प्रथम साहित्यिक पुस्तक थियो । दीक्षित आफ्ना प्रत्येक कृतिलाई उत्तिकै माया गर्थे । यस

विषयमा यी आफैँ भन्थे– 'मेरा प्रत्येक पुस्तक मेरा मायालु र सम्मानित सहयात्री हुन् ।'

मदनमणि दीक्षितले सात दशकजति नेपाली अक्षर खेलाए । यिनको अक्षर खेतीको उच्चस्तरीय गरिमा थियो । उनी जहिले, जता र जहाँ पनि लेखिरहन्थे । मानौँ उनी लेख्नका लागि जन्मेका थिए । नेपाली साहित्यमा सबैभन्दा धेरै अक्षर खेलाउने यिनी पनि एक जना थिए । लेख्तालेख्तै मदनमणि दीक्षित नेपाली अक्षरका शिरोमणिमा नै दरिए ।

मदनमणि दीक्षितको गहिरो अक्षरमोह, मान्यता र महिमा गाएर नइ प्रकाशनले उनलाई २०६९ सालमा 'अक्षरशिरोमणि'को उपाधि कपेर 'सुकीर्ति पुरस्कार' अर्पण गरेको थियो । वास्तवमा उनी नेपाली साहित्यका अर्का एक जना गौरवी स्रष्टा थिए । तर गणतन्त्र आएपछिको सरकारले उनको उचाइप्रति ख्याल गर्ने चेष्टा नै गरेन । यति हुँदाहुँदै पनि उनको निधनको समाचार सुनेर प्रधानमन्त्रीले पनि आफ्नो ट्विटमा लेख्न भ्याएका थिए– 'दीक्षितको निधनको खबरले मर्माहत भएको छु । नेपाली वाङ्मयक्षेत्रले उहाँको योगदानलाई सदा स्मरण गर्नेछ ।' साथै दल र सरकारमा बसेका केही अरूहरू पनि आर्यघाटसम्मै पुगेर कसैले दीक्षितलाई झन्डै ओडाइदिए र कसैले रालो रोदन पनि देखाइदिए । अथवा भनौँ उनीहरूले दुनियाँका अगाडि उभिएर आआफ्नो औपचारिक कृत्यचाहिँ गतिलैसँग सम्पादन गरिदिए । मानौँ जसले गर्दा दल र सरकारले पनि दीक्षितको खुबै कदर गरेको मानिन्थ्यो । तरै पनि यसबाट जनसाधारणमाझ भने स्पष्ट नै भयो– 'मदनमणि दीक्षित लर्तरो मान्छे नै थिएनन् । उनी नेपाली भाषासाहित्यका एउटा समर्पित, भरपर्दो र विशिष्टि कोटिका स्रष्टा थिए ।'

मदनमणि दीक्षितको लेखकीय जीवनको सात दशकजतिको कमाइमा अधुरा छोडिएका र पूरा गरेर पनि प्रकाशन नगरिएका

लेखहरू अनिगिन्ती नै छन् । हुन त उनी आफ्ना कृति छाप्ने काममा अग्रसर भइ नै रहन्थे । यसबारे उनी बराबर भन्थे– 'मेरा रचनाहरू कुनैकुनै प्रकाशनयोग्य देखिँदैनन् र प्रकाशन गर्न उचित सबै कृतिहरू प्रकाशनमा ल्याउन सकिएको पनि छैन ।' तर उनी पुरस्कारसँगै खामिएको राशिले चाहिँ आफ्ना कृतिहरू नै छाप्ने गर्थे ।

**दीक्षितको आलोचना र सम्मान**

मदनमणि दीक्षित भन्थे– 'मेरा कृतिको सही आलोचना कमै भए तर मेराबारे अनगिन्ती लिखित र मौखिक आलोचना मैले खेपेको छु । यति हुँदाहुँदै पनि बौद्धिक मान्छेहरूबाट यिनले प्रशस्तै सम्मान पाएका थिए । यिनले जति अपमान पाए पनि र जति मान पाए पनि यी कहिले आत्तिएनन् र कहिले मात्तिएनन् । उनी नेपाली परिवेशका बहुआयामिक हर्कुलस थिए ।

मदनमणि दीक्षितले जति काम गरे त्यति नै उनी समाज र राष्ट्रबाट पनि सम्मानित भइरहे । उनले कहिले पनि सम्मानलाई पछ्याएनन् । खास गरेर पछिल्लो समयमा सम्मानले नै उनलाई पछ्याइरह्यो । उनी सुप्रसिद्ध गोरखादक्षिणबाहु प्रथम श्रेणी र मरणोपरान्त महाउज्ज्वल राष्ट्रदीप प्रथम श्रेणीबाट पनि विभूषित भए । साथै उनी आदिकवि भानुभक्त पुरस्कार, नेपाल सरकारको भानुभक्त पुरस्कार, मदन पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार, प्रेस काउन्सिल नेपाल गोपालदास पत्रकारिता पुरस्कार, भूपालमानसिंह कार्की पुरस्कार, नेपाल सरकारको राष्ट्रिय प्रतिभा पुरस्कार, उत्तम कुँवर पुरस्कार, भद्र घले पुरस्कार, महाकवि देवकोटा शताब्दी सम्मान, राष्ट्रिय कलाश्री सम्मान, दण्डपाणि स्मृति पुरस्कार, शङ्कर कोइराला पुरस्कार, दौलतविक्रम विष्ट आख्यान सम्मान, पद्मश्री साधना सम्मान, विश्वशान्ति पदक, अफ्रो एसियाली जनऐक्यबद्धता पदक, नइ देरुनीख सुकीर्ति पुरस्कार आदिबाट सम्मानित भए ।

**दीक्षितको साहित्यको लक्ष्यबारे धारणा**

'समाजको उत्थान नै साहित्यको लक्ष्य हुनुपर्छ' भन्ने मदनमणि दीक्षितको मूल मन्त्र थियो । उनी साहित्यमा सङ्गठन अनावश्यक ठान्थे । उनी लेखकहरूको सुविधा र विकासका निम्ति राज्यस्तरको एउटा संस्था हुनुपर्छ भन्थे । नेपाल प्रज्ञाप्रतिष्ठान दलको भातृसङ्गठन भइरहेको बेहोराले उनी चिन्तित थिए । उनी भन्थे– 'नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट 'राजकीय' शब्द फालेर शासकबाट बेइमानी काम हुन गयो । नेपालले गौरव गर्ने एउटा विशाल वाङ्मयको संस्थालाई तँछाडमछाड गरेर सरकारमा आबद्ध पार्टीहरूले आआफ्नो प्रकारको अखडा बनाइदिए ।'

**दीक्षितको जीवनको उतारचढाव**

मदनमणि दीक्षितलाई मानवीय गरिमाको प्रतिष्ठापन, संरक्षण, संवर्धनमा सक्दो सहयोग गर्ने प्रबल इच्छा थियो । पुस्तक, सौन्दर्यलेखन र फोटोग्राफी यिनको मन पर्ने विषय थियो । उनले केही वर्ष फोटोग्राफीको पेसा पनि गरे । अनि उनलाई मन नपर्ने कुराहरू थिए– कपट व्यवहार, असत्य कुरा र अनुशासनहीन मान्छे । साथै उनी आडम्बरी मान्छेलाई देख्नै सक्तैन थिए ।

मदनमणि दीक्षितका जीवनयात्रामा अत्यन्तै नमीठो वा दुक्खका क्षण पनि घटेका थिए । खास गरी तीस वर्षभन्दा धेरै काम गरेको संस्था नेपाल कम्युनिस्ट पार्टीको सदस्यतालाई आफ्नै निर्णयद्वारा यिनले छोड्नुपरेको थियो । यो बेहोरा नै यिनका लागि चिरस्मरणीय दु:खद घटना बन्यो ।

२०१७ साल वैशाखको कुरा हो– दीक्षितको सम्पादनमा 'समीक्षा' प्रकाशित भएको थियो । यसको पहिलो अङ्क यिनले काठमाडौँ, न्युरोडको पीपलबोटमा उभिएर आफैँ बिक्री गरेका थिए । त्यो दिन दीक्षित अत्यन्तै खुसी थिए । त्यसै गरी २०३९ चैतमा पनि

यी त्यसै गरी खुसीमा लडीबुडी गरेका थिए । किनभने त्यो दिन 'माधवी' उपन्यासको मुद्रण सकिएको थियो । भनौँ 'माधवी' उपन्यास मुद्रण गरी पहिलो प्रति लिएर प्रेसबाट बाहिर आएको दिन यी बेजोडले रमाएका थिए ।

मदनमणि दीक्षित बौद्धिक चिन्तामा घरीघरी रुमल्लिइरहने गर्थे । यिनले लेखनका माध्यमबाट विश्वशान्तिका साथै मुलुकमा प्रजातन्त्र प्राप्तिका निम्ति सङ्घर्ष गरेका थिए । यसै मामलामा नै यिनले आफ्नो जीवनको महत्त्वपूर्ण अंश खर्च गरेका थिए । त्यस बेला यिनले गरेका काममा सफलता प्राप्त नभए तापनि यिनलाई आत्मसन्तुष्टिचाहिँ प्राप्त भएको थियो । सङ्घर्षमा असफलता प्राप्त हुनुको विषयमा यी आफैँ भन्थे– 'परिणाम आफ्नो वशभित्रको कुरा भएन तथापि म आफ्नो प्रयासमा अडिग रहेँ । यसैमा मलाई आनन्दको अनुभव छ ।'

**दीक्षितको व्यक्तित्व र विशेषता**

साहित्य, संस्कृति र पत्रकारिताका प्रकाण्ड विद्वान्का रूपमा मदनमणि दीक्षितको व्यक्तित्वलाई लिइने गरिन्छ । यीसँग परिचित नहुने र थोरैथोरै मात्र परिचय बोकेका व्यक्तिहरू 'मदनमणि दीक्षित घमन्डी, अहङ्कारी र एकोहोरो थिए' भन्थे । वास्तवमा यी प्रकाण्ड विद्वान् थिए, केही अव्यावहारिक थिए र केही अहम्वादी पनि थिए । वास्तवमा आफ्नो अहम्ताका कारणले नै जनकलाल शर्माकृत 'हाम्रो समाज : एक अध्ययन' र दीक्षितकृत 'माधवी'सँग संयुक्त घोषणा भएको 'साझा पुरस्कार' दीक्षितले चाहिँ बहिष्कार गरेका थिए । यति हुँदाहुँदै पनि उनको शर्मासँगको घनिष्ठ सम्बन्धमा कहिले बिर्को लागेको थिएन । साथै उनले सत्यमोहन जोशीसँग पाउने भनिएको 'डिल्लीरमण रेग्मी पुरस्कार' पनि थापेनन । त्यसो त आफूभन्दा निकै पछिल्लो पुस्ताका प्रतिभाशाली मान्छेको समेत आदर गर्न यी प्राय: चुक्तैन थिए । अर्थात् गतिलो अक्षर र सुयोग्य प्रतिभाप्रति यी आफ्नो शिर निहुराउने नै पनि गर्थे । यीसँग नजिकबाट सङ्गत गर्नेका लागि

यी जे विषयमा पनि प्राय: सम्झौता गरिदिने व्यक्तित्वमा पर्थे । त्यसैले पनि उनका प्रियजनहरूका लागि उनी नम्र, साधु र मिलनसारजस्ता पनि थिए ।

**दीक्षितको अनुभव**

मदनमणि दीक्षित शिक्षासेवी थिए । उनले २००४ सालदेखि २००६ सालसम्म त्रिजुद्ध हाईस्कुल वीरगन्जमा प्रधानाध्यापक भएर काम गरे । त्यसै बेलादेखि उनी माड्सापको नाउँले समेत चिनिँदै आए । उनी २००६ सालदेखि २०४० सालसम्म नेपाल कम्युनिस्ट पार्टीमा संलग्न भए । उनी २००८ सालदेखि साहित्यिक लेखन र विदेशी कथाहरूको अनुवादमा सक्रिय भए । साथै उनी २०१४ सालदेखि २०१६ सालसम्म दैनिक 'हालखबर'को प्रधान सम्पादक भएर रहे । २०१७ साल वैशाखदेखि २०४९ सालसम्म चाहिँ दीक्षित साप्ताहिक 'समीक्षा'को सम्पादक र प्रकाशक भएर सुप्रसिद्धिको शिखरमा पुगे । उनी नेपाल पत्रकार सङ्घ, नेपाल विश्वशान्ति समिति र नेपाल अफ्रो एसियाली जनऐक्यबद्धता समितिको केन्द्रीय सदस्य पनि भए । साथै उनी २०५१ सालदेखि २०५५ सालसम्म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उपकुलपति भए ।

**दीक्षितको जीवनको अन्तिम समय**

मदनमणि दीक्षित आफ्नो जीवनको उत्तरार्धमा घरीघरी अस्वस्थ्य भइरहे । खास गरेर २०५८ सालदेखि २०६० सालसम्म 'माधव घिमिरे अभिनन्दन समारोह समिति'को अध्यक्ष पदमा रहेर उनले ज्यानै फाल्नेसम्मको दौडधुप गरेका थिए । समारोह हुनुभन्दा एक साताअघि उनलाई हृदयघात भएको थियो र उनलाई अस्पताल पुऱ्याइएको थियो । त्यति बेला उनी पाँच दिनसम्म बेहोस नै भएका थिए । उनी त्यस मुल्काबाट बाँचे तापनि क्रमश: उनको शरीर शिथिल हुँदै जान थालेको थियो । त्यसपछि घरीघरी यिनलाई मुटुमा समस्या आइ नै रह्यो । अनि उनलाई बराबर अस्पतालहरू धाउनुपर्ने

अवस्था पनि आइरह्यो । त्यति मात्र होइन, उनी राम्ररी कान पनि सुन्दैन थिए । स्वास्थ्य कमजोर हुँदै गएको भए तापनि उनी मान्छेसँग मन दिएर कुरा गर्थे र धैर्यसाथ अरूका कुरा पनि सुन्थे । उनका बाबुबाजे कडा मिजासका थिए । तर बाबुबाजेबाट त्यस प्रकारको कला उनले आफूभित्र सारेका भने थिएनन् । उनी सरलताका एउटा सग्लो नमुना थिए ।

मदनमणि दीक्षित जीवनको अन्तिम घडीमा निमोनियासँग युद्ध गर्दै थिए । उनकी जीवनसङ्गिनी रीता दीक्षितको अविरल सेवासुसार र छोराछोरीको बुबाप्रतिको माया, त्याग र समर्पणका कारण उनको जीवन सुरक्षित रूपमा अगाडि जाँदै पनि थियो । तर स्वास्थ्य र उमेरका कारण उनको भौतिक चोलाले थेग्न त्यति सहज पनि थिएन ।

मदनमणि दीक्षितको स्वास्थ्य प्रतिकूल हुँदा पनि उनी लेख्न, पढ्न र जनसम्पर्क गर्नबाट पर सरेनन् । लेखनमा उनको खुबै समर्पण थियो । त्यसैले उनलाई नेपाली भाषासाहित्य लेखनका अर्का वादशाह नै मानिन्थ्यो । लेखनमा नै समर्पित भएका कारणले उनी आफैँ लेख्न असमर्थ हुँदा पनि पारिश्रमिक दिएर उनले आफ्ना घरैमा लेखनदास राखेका थिए । त्यसैले उनले जीवनको अन्तिम समयसम्म पनि आफ्ना वाणी पोखिरहे र उनका लेखनदासले ती वाणीहरू अक्षरहरूमा रूपान्तरण गरिरहे । लेखाउने कलामा भने उनी महाकवि लक्ष्मीप्रसाद देवकोटाका चेला जस्तै थिए । अथवा भनौँ उनी कहिले आफैँ लेख्थे र कहिले आफूले भनेर अरूलाई लेखाउने गर्थे । यसै क्रममा उनको वहुचर्चित वैदिककालीन उपन्यास 'माधवी'का ठाउँठाउँका प्रसङ्ग उनी भन्दै जान्थे र त्यही बेहोरा उनकी छोरी इल्या भट्टराईले लेख्तै जान्थिन् । इल्याले दीक्षितका अन्य किताप पनि साफी गर्थिन् र दीक्षितले भनेका कुरा कापीमा टिप्तै आफ्ना बुबालाई हस्तान्तरण गर्ने गर्थिन् ।

मदनमणि दीक्षित बाँचेकै बेला उनलाई नेपाली भाषासाहित्यका विभूति भनिएको थियो । वास्तवमा उनले जीवनकालमा नै आफ्नो कर्मको फल राम्रोसँग चाखेका थिए ।

अक्षरशिरोमणि मदनमणि दीक्षितले आफ्नो जीवनको ९८ वर्षसम्म पृथ्वीको अवलोकन गर्ने अवसर पाए । अन्ततः हिन्दुहरूले पवित्र दिन मानेको जनै पूर्णिमाको तिथिमा उनी स्वर्गीय भए । अनि त्यो दिन २०७६ साल साउन ३० गते थियो ।

**• नरेन्द्रराज प्रसाई**

## मदनमणि दीक्षितका कृतिहरू

१. कसले जित्यो, कसले हार्‍यो (कथासङ्ग्रह : २०२१)
२. हाम्रा ती दिन (बाल्यकालको यात्रासंस्मरण : २०२७)
३. मेरी आमाको प्रश्नलाई जबाफ चाहिएको छ (स्वकीय निबन्धसङ्ग्रह : २०२९)
४. लाखौँ शिशु लिफ्ट मागिरहेका छन् (स्वकीय निबन्धसङ्ग्रह : २०३१)
५. माधवी (वैदिककालीन उपन्यास : २०३९)
६. Towards Mega-Hiroshima (नाभिकीय शस्त्रास्त्रविरुद्ध : २०४०)
७. दस लाख हिरोसिमातिर (Towards Mega Hiroshima को नेपाली अनुवाद : २०४०),
८. वर्लिन डायरीका पाना (पूर्वीया वर्लिनको संस्मरण : २०४१)
९. ग्याँस च्याम्बरको मृत्यु (कथासङ्ग्रह : २०४२)
१०. चरैवेति (निबन्धसङ्ग्रह : २०४४)
११. आनन्दमय आकाश (बाल्यकालीन जीवनी : २०४४)
१२. स्वर्ण विहारको मन्दिर (जापानी उपन्यासको नेपालीमा अनुवाद : २०४५)
१३. त्यो युग (वैदिक समाजबारे लेखसङ्ग्रह : २०४७)
१४. द्रौपदी र सीता (ती दुई नारीको तुलनात्मक अध्ययन र विवेचना : २०४९)
१५. विदुषी गार्गी (ती नारीको परिचय : २०४९)

१६. जेन्डा (कथासङ्ग्रह : २०५१)
१७. त्रिदेवी (आधुनिक उपन्यास : २०५१)
१८. मेरी नीलिमा (उपन्यास : २०५२)
१९. अमृतत्त्व र कारुणिकता (दार्शनिक चिन्तन : २०५३)
२०. नेपालको सांस्कृतिक परिचय (२०५३)
२१. विश्वका प्रथम वैज्ञानिक उद्दालक आरुणी (औपनिषदिक चिन्तक : २०५३)
२२. भूमिसूक्त (उपन्यास : २०५५)
२३. हाम्रा प्राचीन नारी (वैदिक र पौराणिक कालका नारी परिचय : २०५७)
२४. हिन्दु संस्कृतिको परिशीलन (२०५९)
२५. श्वेतकाली (कथासङ्ग्रह : २०५९)
२६. सयौँ हिरोसिमातिर (२०६३)
२७. ऋग्वेदका केही प्रमुख सूक्त (२०६५)
२८. जीवन : महाभियान (२०१७ पछिको स्वजीवनी : २०६६)
२९. श्री : शाश्वत नारी (२०६६)
३०. महर्षि याज्ञवल्क्य (यजुर्वेदका प्रणेता मिथिलाका वैज्ञानिक दार्शनिक : २०६८)
३१. आनन्दमय जीवन (२०६९)
३२. ऋग्वैदिक नारीचरित्र (२०६९)
३३. ऋग्वेदमा समावेद पर्यावरण (२०७०)
३४. अनन्त चैतन्य (२०७१)
३५. जीवन दर्शन (२०७१)
३६. जय पराजय (२०७२)
३७. देशभक्त महापुरुष (२०७४)
३८. मेरी माता (२०७४)
३९. देशभक्त राष्ट्रपिता श्री ५ महेन्द्र (२०७५)
४०. नरेन्द्रराज प्रसाईका पाँच जीवनीकृति (२०८२)